सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा (४) बमोजिमको

वार्षिक प्रगति प्रतिवेदन

२०८१।८२



महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौं

२०८२ असोज

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)



निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

प्रतिवेदन तयारीमा संलग्न कर्मचारीहरू

उप-महालेखापरीक्षक श्री बिन्दु विष्ट

नायब महालेखापरीक्षक श्री श्रीकुमार राई

निर्देशक श्री प्रेम बहादुर मुङ्गमेन

निर्देशक श्री शिव आचार्य

निर्देशक श्री रमेश सुवेदी

लेखापरीक्षण अधिकारी श्री राजु पाण्डे

लेखापरीक्षण अधिकारी श्री नारायण भट्टराई

लेखापरीक्षण अधिकारी श्री शंकर शर्मा

लेखापरीक्षण अधीक्षक श्री लक्ष्मण कुमार आचार्य

कम्प्युटर अपरेटर श्री हरि अधिकारी

कम्प्युटर अपरेटर श्री अनिल दहित

कम्प्युटर अपरेटर श्री कृष्ण सापकोटा

सहायक कम्प्युटर अपरेटर श्री रामकुमार मण्डल

विषय-सूची

क्र.सं.	विषय	पृष्ठ
१	पृष्ठभूमि	१
२	संविधान प्रदत्त अधिकार तथा जिम्मेवारी.....	४
३	लेखापरीक्षणमान र कार्यपद्धति	५
४	मानव संसाधन	१०
५	अन्य व्यवस्थापकीय कार्यहरू.....	११
६	आन्तरिक कार्य प्रणाली तथा लेखापरीक्षण व्यवस्थापन	१३
७	महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदन	२०
८	विनियोजन तथा खर्च स्थिति	२१
९	अन्तर्राष्ट्रिय सम्बन्ध एवं सहयोग	२२
१०	वैदेशिक तालिम, सेमिनार तथा गोष्ठीमा सहभागिता	२३
११	राष्ट्रिय तालिम, सेमिनार, गोष्ठीमा सहभागिता	२३
१२	लेखापरीक्षण नतिजा	२३
१३	वित्तीय तथा परिपालना लेखापरीक्षण	२४
१४	कार्यमूलक तथा विशेष लेखापरीक्षण	२५
१५	लेखापरीक्षणबाट कायम बेरुजु स्थिति	२५
१६	बेरुजु फर्स्यौट स्थिति	२७
१७	लेखापरीक्षणको प्रभाव तथा सञ्चितकोषमा योगदान	२८
१८	सुधारका क्षेत्रहरू	२८
	उपसंहार	३०
अनुसूची		
१	कर्मचारी दरबन्दी तथा पदपूर्ति विवरण	३१

१. पृष्ठभूमि

१.१. **कार्यालय परिचयः** सार्वजनिक आर्थिक क्रियाकलापको लेखाजोखा गरी मुलुकमा वित्तीय जवाफदेहिता तथा पारदर्शिता कायम गर्न सर्वोच्च लेखापरीक्षण संस्थाको स्थापना गर्ने विश्वव्यापी मान्यता अनुरूप २०१६ सालमा नेपालमा महालेखापरीक्षकको कार्यालयको स्थापना भएको हो। नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई संघ, प्रदेश र स्थानीय तह तथा मातहतका सरकारी निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्ने अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ। यसै गरी ५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थाहरूको लेखापरीक्षणका लागि कार्यालयबाट परामर्श प्रदान गर्ने गरिएको छ। यसका अतिरिक्त संस्थासम्बन्धी विशेष ऐन तथा कार्यकारी निर्णयले गठित समिति, प्रतिष्ठान, विश्वविद्यालयलगायतको लेखापरीक्षण महालेखापरीक्षकले गर्नुपर्ने गरी कानुनमा तोकिएअनुसार यस कार्यालयबाट लेखापरीक्षण गर्ने गरिएको छ।

कार्यालयले वित्तीय र परिपालना लेखापरीक्षणका साथै कार्यमूलक, सूचना प्रविधि र वातावरणीय लगायतका विशेष लेखापरीक्षण समेत गर्दै आएको छ। महालेखापरीक्षकले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्ने र राष्ट्रपतिबाट प्रधानमन्त्री मार्फत् संघीय संसद समक्ष पेस भई संसदको सार्वजनिक लेखा समितिमा छलफल हुने गरेको छ। साथै प्रत्येक प्रदेशको कामकारबाहीको सम्बन्धमा अलग अलग वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष पेस गर्ने र उक्त प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेश हुने गरेको छ। त्यसैगरी प्रत्येक गाउँपालिका र नगरपालिकाको अलग अलग वार्षिक प्रतिवेदन जारी हुने र उक्त प्रतिवेदन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय तहको प्रचलित कानुनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल हुने गरेको छ।

१.२. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ तथा इन्टोसाई पि ट्वान्टी (INTOSAI-P20) मा व्यवस्था भएको पारदर्शिता र जवाफदेहिताको मान्यतालाई अङ्गीकार गरी यस कार्यालयबाट आर्थिक वर्ष २०८१।८२ मा सम्पादित कार्यहरू सबै सरोकारवालाहरूको जानकारीको लागि सार्वजनिक गरिएको छ।

१.३. **दूरदृष्टि (Vision), गन्तव्य (Mission) र मूल्य मान्यता (Core Values):** संविधान एवं कानुन प्रदत्त जिम्मेवारी निर्वाह गर्न कार्यालयको रणनीतिक योजना (२०८२।८३-२०८६।८७) मा कार्यालयले निम्नबमोजिमको दूरदृष्टि, गन्तव्य र मूल्य मान्यताहरू निर्धारण गरेको छः

- **दूरदृष्टि (Vision):** जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था।
- **गन्तव्य (Mission):** स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने।
- **मूल्य मान्यता (Core Values):** महालेखापरीक्षकको कार्यालय र यहाँ कार्यरत कर्मचारीहरूलाई निर्दिष्ट लक्ष्य एवं गन्तव्यतर्फ अग्रसर गराउन निम्न मूल्य मान्यताहरूलाई अङ्गीकार गरिएको छः

➢ **स्वतन्त्रता (Independence):** लेखापरीक्षकहरूले पेसागत विवेकमा सम्झौता गर्ने, स्वार्थ बाझिने अवस्था, निजी स्वार्थको कार्य गर्ने र निष्पक्षता कायम गर्न चुनौती हुने जस्ता कुनै प्रभाव र दबाबबाट प्रभावित नभई निष्कर्ष निकाल्ने र रायहरू व्यक्त गर्ने गर्दछन्।

- **निष्ठा (Integrity):** सरोकारवाला र सेवाग्राहीहरूसँग व्यवहार गर्दा कर्मचारी तथा पदाधिकारीहरूले उच्च नैतिक आचरण कायम राख्नको लागि इमान्दारिता र स्वच्छता प्रदर्शन गर्नुपर्दछ। नैतिक सिद्धान्तहरू सहितको बलियो नैतिक चरित्र र कर्तव्य निर्वाह गर्दा अरूको स्वार्थहरूबाट प्रभावित नहुने जस्ता उदाहरणीय कार्य कर्मचारीहरूको व्यवहारमा स्पष्टसँग देखिनुपर्दछ।

- **पारदर्शिता (Transparancy):** प्रतिवेदन र कार्यसञ्चालनमा खुलापन र स्पष्टताको सुनिश्चित गर्न कार्यालयले आफ्नो स्थिति, अख्तियारी, रणनीति, क्रियाकलाप, वित्तीय व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा समयमै भरपर्दो, स्पष्ट र सान्दर्भिक प्रतिवेदन सार्वजनिकरूपमा दिने प्रयत्न गर्नुपर्दछ। साथै कार्यालयले लेखापरीक्षण प्रतिवेदनहरू र निष्कर्षहरू प्रकाशन गरी सो उपर सार्वजनिक पहुँच हुने व्यवस्था मिलाउनुपर्दछ।

- **जवाफदेहिता (Accountability):** लेखापरीक्षणको प्रभावकारिताको निमित्त आफ्नो जिम्मेवारी वहन गर्दै आम जनता, संसद र अन्य सरोकारवालाहरूप्रति जवाफदेही रहदै प्रचलित कानुनअनुरूप मितव्ययी, कार्यदक्षतापूर्वक र प्रभावकारी तवरले कार्यसम्पादन गर्नुपर्दछ।

- **व्यावसायिकता (Professionalism):** पेशागतरूपमा सक्षम जनशक्तिले मात्र राम्रो लेखापरीक्षण सेवाहरू प्रदान गर्न सक्दछ भन्नेमा कार्यालय विश्वास राख्दछ। यो असल अभ्यासको प्रयोग गरी लेखापरीक्षण पद्धति र परिपाटीमा निरन्तर सुधार र अवलम्बनका साथै सक्षमता र होसियारिपूर्वक गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने कार्यसँग सम्बन्धित छ। तसर्थ, यसले पेशागत विकासका क्रियाकलापहरूको निरन्तर कार्यान्वयन गर्ने लक्ष्य राख्दछ।

१.४. कार्यालयको गन्तव्य एवं लक्ष्य हासिल गर्न तय गरिएको रणनीति, लक्ष्य र उद्देश्यहरू



रणनीतिक लक्ष्य

१. स्वतन्त्रता र कानुनी अख्तियारी अभिवृद्धी गर्ने	२. सङ्गठनात्मक संरचना सुदृढ बनाउने र आन्तरिक सुशासनमा सुधार गर्ने	३. प्रविधिको लाभ उठाउँदै लेखापरीक्षण प्रक्रियालाई सुदृढ गर्ने	४. पेशागत सक्षमता अभिवृद्धि गर्ने	५. लेखापरीक्षणको गुणस्तर र प्रभाव अभिवृद्धि गर्ने	६. सरोकारवालासँगको समन्वय र सहकार्य सुदृढ बनाउने
रणनीतिक उद्देश्य	**रणनीतिक उद्देश्य**	**रणनीतिक उद्देश्य**	**रणनीतिक उद्देश्य**	**रणनीतिक उद्देश्य**	रणनीतिक उद्देश्य
१.१ लिमा तथा मेक्सिको घोषणापत्र अनुरूप पर्याप्त र व्यापक अख्तियारीको सुनिश्चित गर्ने। १.२ वित्तीय तथा प्रशासनिक (बजेट तथा मानव संसाधन व्यवस्थापन) स्वायत्तता सुदृढ गर्ने।	२.१ कार्यालयको पुनर्संरचना गर्ने। २.२ आचारसंहिता र आन्तरिक नियन्त्रणको कार्यान्वयनलाई थप सुदृढ गर्ने। २.३ योजना प्रक्रिया (रणनीतिक योजना, रणनीतिक लेखापरीक्षण योजना र वार्षिक लेखापरीक्षण योजना) मा सुधार गर्ने। २.४ भौतिक पूर्वाधार र सुविधाहरू सुदृढीकरण गर्ने। २.५ कार्यालय कार्यविधि तथा यान्त्रीकरणमा सुधार गर्ने।	३.१ सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गरी लेखापरीक्षण प्रक्रियाको कार्यकुशलता बढाउने। ३.२ लेखापरीक्षणमा बिग डाटा, एआई मेसिन लर्निङ्गलगायतको नवीनतम प्रविधिहरूको प्रयोगबाट लाभ लिने। ३.३ दूर (Remote) र उपस्थिति बेगर (Faceless) को लेखापरीक्षण प्रणाली कार्यान्वयन गर्ने।	४.१ पेशागत क्षमता विकास पहलहरू तर्जुमा, विकास र लागु गर्ने। ४.२ सिकाइ (*Learning*) व्यवस्थापन प्रणाली कार्यान्वयन गर्ने।	५.१ लेखापरीक्षण पद्धति विकास, पुनरावलोकन र अद्यावधिक गर्नको लागि प्रणाली लागु गर्ने। ५.२ लेखापरीक्षण पद्धति तर्जुमा र विकास गर्ने। ५.३ विद्यमान लेखापरीक्षण पद्धति अद्यावधिक गर्ने। ५.४ लेखापरीक्षण पद्धति प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने। ५.५ अनुगमन लेखापरीक्षण (सम्परीक्षण) को लागि सबल प्रणालीको विकास गर्ने।	६.१ सरोकारवालासँगको समन्वय र सहकार्य अभिवृद्धि गर्ने। ६.२ सरोकारवालासँग प्रभावकारी रूपमा सञ्चार गर्ने।

स्रोतः महालेखापरीक्षकको कार्यालयको रणनीतिक योजना, २०८२/८३-२०८६/८७

१.५. **संगठन संरचनाः** महालेखापरीक्षकको कार्यालयको कार्यबोझ, कार्य प्रकृति र उपलब्ध दरबन्दीको अवस्थालाई दृष्टिगत गरी संगठन संरचना स्वीकृत गरी लागु गरिएको छ। जसअनुसार कार्यालयको प्रमुख पदाधिकारीको रूपमा महालेखापरीक्षक रहने व्यवस्था छ भने कार्यगत विषयमा महालेखापरीक्षकलाई राय सुझाव प्रदान गर्न र महालेखापरीक्षकबाट स्वीकृत लेखापरीक्षण योजना कार्यान्वयन गर्न उप-महालेखापरीक्षकको अध्यक्षतामा केन्द्रीय समन्वय समिति (Central Co-ordination Committee) रहेको छ। यसले लेखापरीक्षण कार्यको अनुगमन तथा मूल्याङ्कनसमेत गर्दछ। माननीय महालेखापरीक्षकज्यूको मातहतमा शासकीय व्यवस्था, पूर्वाधार विकास, अर्थ राजस्व र आर्थिक तथा सामाजिक सेवा लेखापरीक्षण विभाग हेर्ने गरी ४ उप-महालेखापरीक्षक (राजपत्राङ्कित विशिष्ट श्रेणी) र विभागअन्तर्गत विभिन्न महानिर्देशनालय हेर्ने गरी १८ नायब महालेखापरीक्षक (राजपत्राङ्कित प्रथम श्रेणी) को व्यवस्था गरिएको छ।

महानिर्देशनालयअन्तर्गत निर्देशक (राजपत्राङ्कित द्वितीय श्रेणी) को नेतृत्व रहने गरी ३७ निर्देशनालयहरूको व्यवस्था गरिएको छ। निर्देशनालयको कार्यसम्पादनका लागि निर्देशकको मातहतमा कार्यबोझअनुसार लेखापरीक्षण अधिकारी (राजपत्राङ्कित तृतीय श्रेणी) देखि कार्यालय सहयोगी (श्रेणीविहीन) सम्मका कर्मचारीहरू रहेका छन्। प्रदेश एवं स्थानीय तहको लेखापरीक्षण गर्नुपर्ने जिम्मेवारी समेतलाई मध्यनजर गरी नेपाल सरकारबाट मिति २०७८।५।३ मा ६४३ कर्मचारीको दरबन्दी स्वीकृत भएको छ।

२. संविधान प्रदत्त अधिकार तथा जिम्मेवारी

नेपालको संविधानमा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सो को कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायत सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। यसैगरी पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थाहरूको लेखापरीक्षणका लागि कार्यालयबाट परामर्श प्रदान गर्ने गरिएको छ। यसका अतिरिक्त संस्थासम्बन्धी विशेष ऐन तथा कार्यकारी निर्णयले गठित समिति, प्रतिष्ठान, विश्वविद्यालयलगायतको लेखापरीक्षण महालेखापरीक्षकले गर्नुपर्ने गरी संघीय कानुनद्वारा तोकिएअनुसार कार्यालयबाट लेखापरीक्षण गर्ने गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरू र नेपाल सरकारको पूर्ण एवं अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षण सम्बन्धी व्यवस्था गरेको छ। सो बमोजिम नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकद्वारा हुने र अधिकांश स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ।

संविधान एवं कानुनमा व्यवस्था भएबमोजिम महालेखापरीक्षकको कार्यक्षेत्र अन्तर्गत सार्वजनिक निकायहरूको लेखापरीक्षण गर्ने, परामर्श दिने, निर्देशन दिने लगायत देहाय अनुसारका कार्यहरू पर्दछन्:

- सर्वोच्च अदालत, संघीय संसदलगायत सबै संवैधानिक अङ्ग, सुरक्षा निकाय लगायत सबै सरकारी कार्यालयहरूको लेखापरीक्षण,

- प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह र सो मातहतका सबै सरकारी निकायहरूको लेखापरीक्षण,
- नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरूको लेखापरीक्षण,
- महालेखापरीक्षकले परीक्षण गर्नुपर्ने गरी कानुनद्वारा तोकिएका विश्वविद्यालय, प्राधिकरण, प्रतिष्ठान, विभिन्न कोष, विकास समिति तथा जिल्ला विकास समिति एवं स्थानीय निकायहरूको लेखापरीक्षण,
- नेपाल पक्ष रहेका सन्धि सम्झौताअन्तर्गतका निकायहरूको लेखापरीक्षण,
- नेपाल सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षक नियुक्तिको लागि परामर्श,
- महालेखापरीक्षकबाट लेखापरीक्षण गरिने निकायको लेखा ढाँचा निर्धारण,
- लेखासम्बन्धी व्यवस्था मिलाउन र नियमितता ल्याउनको लागि सम्बन्धित सरकारी निकाय वा संगठित संस्थालाई निर्देशन, र
- लेखाव्यवसायको विकास, संरक्षण र संवर्द्धन गर्ने सम्बन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई निर्देशन।

महालेखापरीक्षकले उपर्युक्तबमोजिम लेखापरीक्षण गरी आफूले गरेको कामको वार्षिक प्रतिवेदन संविधानको धारा २९४ अनुसार राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत् त्यस्तो प्रतिवेदन संघीय संसदसमक्ष पेस गर्न लगाउने व्यवस्था छ। उक्त प्रतिवेदनमा संविधान प्रदत्त जिम्मेवारी पूरा गर्न महालेखापरीक्षकबाट निकायहरूको वित्तीय एवं कार्यमूलक लेखापरीक्षण गर्ने, संगठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्त सम्बन्धमा आवश्यक निर्देशन दिने, लेखासम्बन्धी कागजात जुनसुकै बखत हेर्ने र लेखाको ढाँचा तोक्नेलगायतका कार्य हुँदै आएको छ।

३. लेखापरीक्षणमान र कार्यपद्धति

महालेखापरीक्षकको कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनको सदस्यको हैसियतले सो संगठनबाट स्वीकृत लेखापरीक्षणमान, मार्गदर्शनको क्रमशः कार्यान्वयन गरी लागु गर्दै आएको छ। महालेखापरीक्षकको कार्यालयले सो संगठनबाट जारी भएका अन्तर्राष्ट्रिय लेखापरीक्षणमानमा आधारित सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण एवं कार्यमूलक लेखापरीक्षण निर्देशिकाहरू तयार गरी लागु गरिएको छ।

३.१. **लेखापरीक्षणमानः** कार्यालयले संवैधानिक एवं कानुनी व्यवस्था, लेखापरीक्षणमान, विभिन्न क्षेत्रगत मार्गदर्शन एवं निर्देशिकालाई आधार बनाएर लेखापरीक्षण एवं प्रतिवेदन गर्ने र लेखापरीक्षणको गुणस्तर आश्वस्तता गर्ने गरेको छ। सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय मानदण्ड (International Standards for Supreme Audit Institutions-ISSAI) को आधारमा नेपाल सरकारी लेखापरीक्षण मान (Nepal Government Auditing Standards - NGAS) जारी गरी २०७७।४।१ देखि लागु गरिएको छ। यसबाट वि.सं. २०५३ र २०६३ मा जारी सरकारी लेखापरीक्षण नीति मानदण्ड प्रतिस्थापन भएको छ।

३.२. **लेखापरीक्षण कार्यपद्धतिः** लेखापरीक्षण ऐन, २०७५ ले लेखापरीक्षणको तरिका, र अवधि निर्धारण गर्ने अधिकार महालेखापरीक्षकलाई प्रदान गरेको छ। प्रत्येक वर्ष महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण कार्य प्रारम्भ गर्नुअघि वार्षिक कार्ययोजना तयार गरी मन्त्रालय/निकायका लेखाउत्तरदायी अधिकृत/सचिवलाई जानकारी दिने गरेको छ। उक्त कार्ययोजनाको आधारमा सम्बन्धित महानिर्देशनालयहरूले मन्त्रालयगत समष्टिगत लेखापरीक्षण योजना र लेखापरीक्षण गर्नुपर्ने प्रत्येक कार्यालयहरूको इकाईगत लेखापरीक्षण योजना तयार गरिन्छ। हरेक वर्ष निश्चित आधारहरू जस्तै कारोबारको आकार, प्रकृति, अन्तरनिहित जोखिम, भौगोलिक क्षेत्र, गत विगतमा देखिएका बेरुजु आदि पक्षलाई विचार गरी लेखापरीक्षण गरिने निकायहरूको वर्गीकरण गरेर विभिन्न मन्त्रालयमातहत जिल्लामा कार्यसञ्चालन स्तरका कार्यालयहरूको लेखापरीक्षण स्थलगत रूपमा लेखापरीक्षण टोली खटाई सम्पन्न गर्ने गरिएको छ।

लेखापरीक्षण मानदण्ड र विभिन्न मार्गदर्शन एवं निर्देशिकाको अधीनमा रही कार्यालयबाट लेखापरीक्षण एवं प्रतिवेदन गर्ने गरिन्छ। लेखापरीक्षण सम्पन्न भएपछि ३५ दिन म्याद दिई प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण गरिएको निकायलाई स्थलगत रूपमै नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) मार्फत् उपलब्ध गराई सोको बोधार्थ प्रति तालुक मन्त्रालय, विभाग र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयसमेतलाई उक्त प्रणालीमार्फत् नै उपलब्ध गराउने गरिएको छ। यसै गरी लेखापरीक्षण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर मूल्याङ्कन तथा पुनरावलोकन गरी प्रतिवेदन गर्ने पद्धति अवलम्बन गरिएको छ।

३.३. **लेखापरीक्षण कार्यविधिः** आर्थिक वर्ष २०८१।८२ मा वार्षिक लेखापरीक्षण योजना र कार्यक्रमको अधीनमा रही ३ हजार ९३ (बक्यौता ३ समेत) संघीय मन्त्रालय तथा निकाय, प्रदेश मन्त्रालय तथा निकाय १ हजार १६५, स्थानीय तह (बक्यौता ८ समेत) ७६१, विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानहरू ६९५ (प्रदेशतर्फको १२५ समेत) र संगठित संस्था ४५ समेत ५ हजार ७५९ निकायको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी सम्पादित कार्यको गुणस्तर पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा लेखापरीक्षण गरिने निकायहरूलाई उच्च र न्यून जोखिमयुक्त निकायमा वर्गीकरण स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी विस्तृत, संक्षिप्त र आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ। साथै यो वर्ष ११ विषयको कार्यमूलक, १ वातावरणीय, १ सूचना प्रविधि र २ बिशेष लेखापरीक्षणसमेत सम्पन्न गरिएको छ। कार्यमूलक लेखापरीक्षणको क्रममा केहीमा स्थलगत अवलोकनसहित नागरिक समाज, लाभग्राही समूहलगायत सरोकारवालालाई समेत सहभागी बनाई छलफल तथा अन्तरक्रियामा सहभागी गराई प्राप्त सूचनासमेतको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ।

३.४. **लेखापरीक्षणमान, मार्गदर्शन तथा निर्देशिका तर्जुमाः** लेखापरीक्षण कार्यलाई गुणस्तरीय र प्रभावकारी बनाउन देहायबमोजिमको लेखापरीक्षणमान, मार्गदर्शन तथा निर्देशिका तर्जुमा गरी लागु गरिएका छन्:

- **नेपाल सरकारी लेखापरीक्षणमानः** लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो बनाई लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न साविकमा स्वीकृत भएका सरकारी लेखापरीक्षण मानदण्ड एवं सरकारी लेखापरीक्षण नीति मानदण्ड खारेज गरी देहायअनुसारका नेपाल सरकारी लेखापरीक्षण

मान (Nepal Government Auditing Standards-NGAS) माननीय महालेखापरीक्षकज्यूबाट स्वीकृत भई २०७७।४।१ देखि लागु हुने गरी कार्यान्वयनमा आएको छ। सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनले जारी गरेका अन्तराष्ट्रिय लेखापरीक्षण मान (INTOSAI Framework for professional pronouncements-IFPP) मा आधारित रही लेखापरीक्षण ऐन, २०७५ को दफा २९ बमोजिम सो मानदण्ड जारी भएको हो।

NGAS *No.*	लेखापरीक्षण मानको नाम
INTOSAI-P1	The Lima Declaration
INTOSAI-P10	Mexico Declaration on SAI Independence
INTOSAI-P12	The value and Benefits of Supreme Audit Institutions-Making a difference in the life of citizen
INTOSAI-P20	Principles of Transparency and Accountability
ISSAI 100	Fundamental Principles of Public Sector Auditing
ISSAI 130	Code of Ethics
ISSAI 140	Quality control for SAIs
ISSAI 200-299	Financial Audit Principles
ISSAI 300-399	Performance Audit Principles
ISSAI 400-499	Compliance Audit Principles
ISSAI 2000-2899	Financial Audit Standards
ISSAI 3000-3899	Performance Audit Standards
ISSAI 4000-4899	Compliance Audit Standards

- **आचारसंहिता कार्यान्वयन निर्देशिका, २०८० -** सरकारी लेखापरीक्षकको निष्ठा, स्वतन्त्रता, निष्पक्षता, गोपनीयता र पेशागत नैतिक आचरण तथा मूल्य मान्यताको पालनाबाट यस कार्यालयको संवैधानिक जवाफदेहिता पूरा गर्न, लेखापरीक्षण कार्यप्रति सरोकारवालाहरूको विश्वास अभिवृद्धि गर्न र सार्वजनिक क्षेत्रमा पारदर्शिता एवं उत्तरदायित्व प्रवर्द्धन गर्न यसअघि "सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७०" कार्यान्वयनमा ल्याइएकोमा २०७९ सालमा नेपाल सरकारी लेखापरीक्षण मान (NGAS) लागु भएपछि सो अन्तर्गत रहेको Code of Ethics (ISSAI-130) को प्रभावकारी कार्यान्वयन तथा परिपालनाको लागि आचारसंहिता कार्यान्वयन निर्देशिका, २०८० (Code of Ethics Implementation Direction, 2023) जारी गरिएको छ। आचारसंहिता पालना अनुगमन समितिबाट आचार संहिता कार्यान्वयन तथा पालना स्थितिको नियमित अनुगमन हुने गरेको छ।यसको साथै लेखापरीक्षण सेवा, निजामती सेवाभित्रको १० वटा सेवा मध्ये १ सेवा भएकोले यस कार्यालयका कर्मचारीहरूले निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५० र निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६४ बमोजिम पेशागत तथा पदीय आचरणहरू समेत पालना गर्नुपर्दछ र तत्तत् कानून बमोजिम आचारसंहिता पालनाको अनुगमन हुने गर्दछ।
- **मानदण्ड तथा मार्गदर्शनः**
  - ✓ महालेखापरीक्षकको कार्यालयको रणनीतिक योजना (२०८२/८३-२०८६/८७)
  - ✓ नेपाल सरकारी लेखापरीक्षणमान, २०७७
  - ✓ वित्तीय लेखापरीक्षण मार्गदर्शन, २०७९
  - ✓ परिपालना लेखापरीक्षण मार्गदर्शन, २०७९
  - ✓ कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०७९
  - ✓ आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन

- ✓ सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन
- ✓ प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन
- ✓ राजस्व लेखापरीक्षण मार्गदर्शन
- ✓ संगठित संस्थाका लेखापरीक्षकको लागि निर्देशन
- ✓ महालेखापरीक्षकबाट विभिन्न समयमा जारी लेखापरीक्षणसम्बन्धी निर्देशन तथा परिपत्र
- ✓ प्रकोप व्यवस्थापन लेखापरीक्षण मार्गदर्शन, २०७२
- ✓ लेखापरीक्षण अनुगमन तथा सुपरिवेक्षणसम्बन्धी निर्देशिका, २०७४
- ✓ स्थानीय तह लेखापरीक्षण निर्देशिका, २०७६
- ✓ बेरुजु वर्गीकरण निर्देशिका, २०७६

लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन, अनुगमन र गुणस्तर आश्वस्तता चरणमा उपर्युक्त कानुनी तथा नीतिगत व्यवस्था र मानदण्ड एवं मार्गदर्शनको पालना गर्ने गरिएको छ। कार्यालयबाट जारी गरी लागु गरिएका मानदण्ड तथा मार्गदर्शनहरूको अवलम्बन गरी गरिने लेखापरीक्षणबाट गुणस्तरीय लेखापरीक्षणमा सहयोग पुग्ने र लेखा परीक्षणमा व्यावसायिकताको समेत अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

३.५. लेखापरीक्षण व्यवस्थापन

(क) **लेखापरीक्षण व्यवस्थापनः** नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) मार्फत जोखिम विश्लेषण गरी लेखापरीक्षण सम्पन्न गरिएको छ। उच्च जोखिममा रहेका निकायको सम्बन्धित निकायमा उपस्थित भई विस्तृत रूपमा र न्यून जोखिममा रहेका निकायहरूको सम्बन्धित निकायले नाम्समा अपलोड गरेको वित्तीय विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा भौतिक उपस्थिति बेगर दूरलेखापरीक्षण विधिबाट लेखापरीक्षण सम्पन्न गरिएको छ। यो वर्ष कार्यतालिकाबमोजिम लेखापरीक्षण कार्य सम्पन्न गर्न ४१ जिल्लामा संयुक्त र ३६ जिल्लामा विभागगत लेखापरीक्षण टोली खटाइएको थियो। लेखापरीक्षण कार्यलाई तीन चरणमा विभाजन गरी पहिलो चरण २०८१ भाद्रमा संयुक्त लेखापरीक्षण टोली, दोस्रो चरण २०८१ मङ्सिर तथा तेस्रो चरण २०८१ पौष महिनामा विभाग/महानिर्देशनालयगत लेखापरीक्षण टोलीहरू परिचालन गरी लेखापरीक्षण सम्पन्न गरिएको छ। स्थलगत लेखापरीक्षणका लागि खटिने कर्मचारीलाई विभिन्न माध्यमबाट निर्देशन दिने तथा लेखापरीक्षण कार्यको समीक्षा गरी देखिएका समस्या सुधारसमेत गरिएको छ।

(ख) **वित्तीय लेखापरीक्षणः** यो वर्ष सङ्घीय मन्त्रालय तथा निकाय मातहतका ३ हजार ९३ कार्यालयको रू.३१ खर्ब ६ अर्ब १६ करोड, प्रदेश मन्त्रालय तथा निकाय मातहतका १ हजार १६५ कार्यालयको रू.३ खर्ब ८ अर्ब ५६ करोड, स्थानीय तह ७५३ र गत बर्षको बक्यौता ८ समेत ७६१ को रू.११ खर्ब १८ अर्ब ४६ करोड, ६९५ समिति र अन्य संस्थाको रू. ५ खर्ब २२ अर्ब १३ करोड र ४३ सङ्गठित संस्थाको ४५ आय बर्षको रू. ४४ खर्ब ७ अर्ब ५ करोडसमेत रू. ९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(ग) **कार्यमूलक तथा विशेष लेखापरीक्षणः** यो वर्ष ११ विषयको कार्यमूलक, १ विषयको वातावरणीय र १ विषयको सूचना प्रविधि र २ विषयको बिशेष लेखापरीक्षण गरिएको छ।

(घ) **संगठित संस्थाको लेखापरीक्षणः** यो वर्ष सङ्गठित संस्था ४३ को रू. ४४ खर्ब ७ अर्ब ५ करोडको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त ४२ संस्थाको ४७ आर्थिक बर्षको रू. १५ खर्ब ७७ अर्ब ४९ करोडको लेखापरीक्षणका लागि परामर्श दिइएअनुसार लेखापरीक्षण सम्पन्न भएको छ।

(ङ) **लेखापरीक्षणको अन्तिम प्रतिवेदनः** लेखापरीक्षणका मान्य सिद्धान्तअनुसार लेखापरीक्षण गरिएका वित्तीय विवरणहरू उपर रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपर्ने हुन्छ। संगठित संस्थाको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्दा सम्बन्धित संस्थाको वित्तीय विवरणउपर राय दिने गरिएको छ। गत वर्ष अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयलगायत केन्द्रीयस्तरका निकायहरूको अन्तिम प्रतिवेदन र सञ्चितकोषको हकमा रायसहितको अन्तिम प्रतिवेदन जारी गरिएकोमा सो कार्यलाई यो वर्षपनि निरन्तरता दिइएको छ। यो वर्ष सञ्चितकोष समेत केन्द्रीयस्तरका निकाय, मन्त्रालय, नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाबाट प्रारम्भिक प्रतिवेदनको प्राप्त प्रतिक्रियासमेतमा कारबाही गरी अन्तिम प्रतिवेदन जारी गरिएको छ।

(च) **रायसहितको लेखापरीक्षण प्रतिवेदनः** यो वर्ष महालेखा नियन्त्रक कार्यालयले तयार गरेको २०८०।८१ सञ्चित कोषको हिसाबउपर रायसहितको प्रतिवेदन उपलब्ध गराइएको छ। केन्द्रीय निकाय र संगठित संस्थाबाट पेस भएका वित्तीय विवरणमा रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ।

(छ) **सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय विवरण उपर रायः** यो वर्ष नेपाल सरकारका निकायबाट नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुरूप वित्तीय विवरण पेस भएकोले सार्वजनिक क्षेत्र लेखामानमा आधारित भई तयार भएको २०८०।८१ को वित्तीय विवरणउपर रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ।

(ज) **सम्परीक्षणः** लेखापरीक्षणबाट कायम भएका सम्परीक्षण गर्न बाँकी बेरुजु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ को व्यवस्थाअनुसार सम्बन्धित निकायले फर्स्यौंट गरी स्थलगत रूपमा नै सम्परीक्षण गराउन अनुरोध गर्ने र अनुरोध भएको १५ दिनभित्र सम्परीक्षणको कार्य टुङ्गो लगाउने नीति कार्यालयले लिएको छ। तद्अनुरूप २०८१ श्रावणदेखि २०८२ आषाढ मसान्तसम्म प्रदेश मन्त्रालय तथा मातहत निकायहरू, स्थानीय तह तथा अन्य समिति तथा संस्थाहरूले रू. २८ अर्ब २९ करोड ४० लाख सम्परीक्षण गराएका छन्। सोमध्ये रु. १० अर्ब ९९ करोड ९० लाख असुल भएको छ।

(झ) **वार्षिक लेखापरीक्षण योजनाः** आर्थिक वर्ष २०८०।८१ को कारोबारको लेखापरीक्षण कार्य योजनाबद्ध रूपमा छिटो छरितो, मितव्ययी एवं दक्षतापूर्ण तवरले सम्पादन गर्न लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति, लेखापरीक्षणमा जोड दिइने विषयहरू, प्रतिवेदन व्यवस्था, लेखापरीक्षणका आधारहरू, गुणस्तर पुनरावलोकन, समिष्टगत योजना, तालिम तथा जनशक्ति विकास, लेखापरीक्षण कार्यतालिका लगायतका विषयहरू समेटी वार्षिक लेखापरीक्षण योजना, २०८१ तर्जुमा गरी उक्त योजनाबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ।

(ञ) **वार्षिक कार्यतालिकाः** आर्थिक वर्ष २०८०।८१ को कारोबारको लेखापरीक्षण २०८१ श्रावण अन्तिम हप्तादेखि शुरु गरी २०८१ माघ मसान्तसम्ममा सम्पन्न गर्ने र चैत्र मसान्तभित्र वार्षिक प्रतिवेदन पेस गर्ने गरी कार्यतालिका तयार गरिएकोमा लेखापरीक्षण सम्पन्न गरी २०८२।१।३१ मा वार्षिक लेखापरीक्षण प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेस गरिएको छ।

(ट) **लेखापरीक्षणमा खटिने कर्मचारीलाई निर्देशनः** स्थलगत लेखापरीक्षणको लागि विभिन्न जिल्लामा खटिने टोली प्रमुख तथा अन्य कर्मचारीलाई लेखापरीक्षण, सम्परीक्षण तथा विभिन्न क्षेत्रको लेखापरीक्षणमा ध्यान दिनुपर्ने पक्षहरू लगायतका विषयमा निर्देशन दिने र सो अनुरूप भए/नभएको सम्बन्धमा अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

(ठ) **सुपरिवेक्षणः** स्थलगत लेखापरीक्षणको सुपरिवेक्षण गर्ने विधि, सुपरिवेक्षकको जिम्मेवारी र सुपरिवेक्षण गरी पेस गरिने प्रतिवेदनको ढाँचा समेटी लागु गरिएको लेखापरीक्षण अनुगमन तथा सुपरिवेक्षण निर्देशिका, २०७४ अनुरूप सुपरिवेक्षण गर्ने कार्य गर्ने गरिएको छ।

३.६. **गुणस्तर आश्वस्तताः** कार्यालयले लागु गरेको गुणस्तर पुनरावलोकन निर्देशिका, २०६९ अनुसार लेखापरीक्षणका स्थापित मान्यता, नीति तथा कार्यविधि लेखापरीक्षणका सबै चरणमा अनुशरण भएको सुनिश्चित गर्न सुपरिवेक्षण तथा आन्तरिक पुनरावलोकनलगायतका क्रियाकलापहरू सम्पादन हुँदै आएका छन्। यो वर्ष वार्षिक लेखापरीक्षण योजना, २०८१ बमोजिम उच्च जोखिमयुक्त निकायका रूपमा पहिचान भएका सबै सरकारी कार्यालयहरूको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु पूर्व नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीबाटै सुपरिवेक्षक तहबाट पुनरावलोकन गरी प्रतिवेदन जारी गर्ने व्यवस्था मिलाइएको छ। उच्च तहबाट पुनरावलोकन नभएसम्म कुनै पनि लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन सम्प्रेषण नहुने नीति अवलम्बन गरिएको छ। यो वर्ष लेखापरीक्षण प्रतिवेदन जारी पश्चातको पुनरावलोकनको लागि निर्देशकहरूको नेतृत्वमा लेखापरीक्षण सम्पन्न भएका वित्तीय र परिपालना लेखापरीक्षणतर्फ ५६ र कार्यमूलक लेखापरीक्षणतर्फ ३ फाइलको गुणस्तर आश्वस्तता पुनरावलोकन गरी प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदनमा उल्लेख भएका विषयहरू सम्बोधन हुने गरी नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) लाई समायोजन गरिएको छ।

४. मानव संसाधन

यस कार्यालयमा निजामती सेवा ऐन, २०४९ बमोजिम नेपाल लेखापरीक्षण सेवा, नेपाल कानुन सेवा तथा नेपाल विविध सेवाका कर्मचारीहरू कार्यरत रहेका छन्। आर्थिक वर्ष २०८१।८२ मा कर्मचारी दरबन्दी तथा पदपूर्ति, सरुवा-बढुवा तथा नयाँ नियुक्ति, जनशक्ति विकास लगायतमा भएका प्रमुख क्रियाकलाप देहायअनुसार रहेका छन्:-

४.१. **दरबन्दी तथा पदपूर्तिः** नेपालको संविधान र प्रचलित कानूनबमोजिम संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण गर्न कार्यबोझका आधारमा पछिल्लो संगठन तथा व्यवस्थापन सर्भेक्षण २०७८।५।३ मा स्वीकृत भएको छ। कार्यालयको नयाँ स्वीकृत दरबन्दी विवरणअनुसार ४ उप-महालेखापरीक्षक, १८ नायब महालेखापरीक्षक, ११३ निर्देशक (कानुन तथा विविध सेवासहित), २५५ लेखापरीक्षण अधिकारी र अन्य कर्मचारीसहित ६४३ दरबन्दी कायम रहेको छ। स्वीकृत दरबन्दीमध्ये २०८२ आषाढ मसान्तसम्म ५८६ पदपूर्ति भई ५७ पद रिक्त रहेको छ।

स्वीकृत दरबन्दी ६४३ मध्ये लेखापरीक्षणमा प्रत्यक्ष संलग्न रहने दरबन्दी ४९५, सुपरिवेक्षणमा रहने दरबन्दी २२ र सहायकको रूपमा रहने १२६ दरबन्दी रहेको छ। लेखापरीक्षणमा प्रत्यक्ष संलग्न

रहने ४९५ मध्ये ४५५ पदपूर्ति भई ३९ पद रिक्त रहेको छ। दरबन्दी एवम् पदपूर्तिसम्बन्धी विवरण अनुसूची-१ मा समावेश छ।

४.२. **कर्मचारीहरूको जिम्मेवारी तथा कार्य बाँडफाँड-२०८१:** लेखापरीक्षण तथा लेखापरीक्षण व्यवस्थापन कार्यलाई व्यवस्थित बनाउन कर्मचारीहरूलाई विभिन्न विभाग/महानिर्देशनालय/निर्देशनालयगत अनुभव, सीप, ज्ञान र क्षमता प्रदान गर्न प्रत्येक वर्ष कुल कर्मचारी संख्याको एक तिहाई देखि बढीमा पचास प्रतिशतसम्म जिम्मेवारी हेरफेर गर्ने गरिएको छ। आ.ब. २०८१/८२ को लागि यस कार्यालयका कर्मचारीहरूको जिम्मेवारी र कार्य बाँडफाँड महालेखापरीक्षक ज्यूको मिति २०८१।४।११ गतेको निर्णयबाट हेरफेर गरिएको थियो।

४.३. **बढुवाः** यो वर्ष नायब महालेखापरीक्षक पदमा २ , निर्देशक पदमा ६, लेखापरीक्षण अधिकारी पदमा ४ र लेखापरीक्षण अधीक्षक पदमा १ समेत गरी जम्मा १३ कर्मचारी ज्येष्ठता तथा कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवा हुनु भएको छ।

४.४. **नयाँ नियुक्तिः** यो वर्ष लोक सेवा आयोगको सिफारिशमा खुला तथा आन्तरिक प्रतियोगिताबाट निर्देशक पदमा ३, लेखापरीक्षण अधिकारी पदमा २३, लेखापरीक्षण अधीक्षक पदमा १२ तथा लेखापरीक्षण निरीक्षक पदमा १ समेत ३९ जनाको नयाँ नियुक्ति भएको छ।

४.५. **सरुवाः** यस वर्ष विभिन्न पदका ३ कर्मचारी अन्य कार्यालयबाट यस कार्यालयमा सरुवा भई आएका तथा यस कार्यालयबाट पदोन्नति तथा सरुवा भई १६ कर्मचारी अन्यत्र सरुवा भई गएका छन्।

४.६. **अवकाशः** यो वर्ष उमेर हदबाट अनिवार्य अवकाश तथा राजीनामा समेतबाट उप-महालेखापरीक्षक १, नायब महालेखापरीक्षक १, निर्देशक ५ र लेखापरीक्षण अधिकारी २ समेत ९ कर्मचारी सेवा निवृत्त हुनुभएको छ।

५. अन्य व्यवस्थापकीय कार्यहरू

५.१. **उच्चस्तरीय संवाद कार्यक्रमः** अन्तर्राष्ट्रिय सर्वोच्च लेखापरीक्षण संस्था मातहतको इण्टोसाई डेभलपमेन्ट इनिसिएटिभ (आईडीआई) र एसियाली विकास बैङ्कको आयोजनामा डिसेम्बर २-३, २०२४ मा फिलिपिन्सको मनिलामा सञ्चालित IDI-ADB High Level Dialogue on SAI Parliament Cooperation in Demonstrating Values to Citizens कार्यक्रममा महालेखापरीक्षकको कार्यालयबाट उप-महालेखापरीक्षक पदमराज पौडेल र नायब महालेखापरीक्षक हुमनाथ सुवेदीको सहभागिता रहेको थियो। त्यसै गरी सङ्घीय संसदबाट सार्वजनिक लेखा समितिका सभापति, माननीय ऋषिकेश पोखरेल र सचिव एकराम गिरीको समेत सहभागिता रहेको उक्त कार्यक्रममा कार्यमूलक लेखापरीक्षणको प्रभाव बढाउन प्रमुख सरोकारवाला र संसदका सम्बन्धित स्थायी समितिहरूसँग संवाद भएको थियो।

५.२. **कार्यमूलक लेखापरीक्षणसम्बन्धी कार्यशालाः** नेशनल अडिट अफिस अफ श्रीलङ्काको अनुरोधमा 'Engagement of Civil Society Organizations (CSO's) in Performance Audit' विषयक पाँच दिने कार्यशाला २०८१।८।१७ देखि २१ गतेसम्म यस कार्यालयमा सञ्चालन भयो। उक्त कार्यशालामा यस कार्यालयका उप-महालेखापरीक्षक, नायब महालेखापरीक्षक, श्रीलङ्काका Deputy Auditor General Mr. Senarath Bandara Ratnanayake को नेतृत्वमा आएको टोली, विश्व बैङ्कका प्रतिनिधि र अन्य कर्मचारीहरू तथा नागरिक समाजका संस्थाका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो। कार्यशालामा कार्यमूलक लेखापरीक्षणमा नागरिक समाज सङ्गठनको आबद्धता सम्बन्धमा दुई देशमा रहेका सैद्धान्तिक तथा व्यावहारिक अभ्यासहरूको आदान-प्रदान भएको थियो। सो अवसरमा

कार्यालयबाट कार्यमूलक लेखापरीक्षण गरिएका काभ्रेपलाञ्चोकको पनौती नगरपालिकामा सञ्चालित कृषि तथा पशुपन्छी बिमा र नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको प्रभावकारिता सम्बन्धमा स्थलगत अवलोकन तथा अन्तरक्रियासमेत गरिएको थियो।

५.३. **कार्यमूलक लेखापरीक्षण सुदृढीकरण कार्यक्रमः** थाइल्याण्डको राजधानी बैङ्ककमा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठनअन्तर्गतको इन्टोसाई डेभलपमेन्ट इनिसिएटिभ र एसियाली विकास बैङ्कको साझेदारीमा २०८१।१२।१८ देखि २९ गतेसम्म आयोजित कार्यक्रममध्ये महालेखापरीक्षकको नेतृत्वमा रहेको टोलीले सहभागिता जनाएको थियो। लिडरशीप फोरममा महालेखापरीक्षक र निर्देशक रमेश सुबेदीको सहभागिता रहेको थियो भने Workshop on Statement of Audit Quality Management र Workshop on Robust Follow Up Systems कार्यक्रममा क्रमशः उप-महालेखापरीक्षक बैकुण्ठबहादुर अधिकारी र नायब महालेखापरीक्षक श्यामप्रसाद भण्डारीको नेतृत्वको टोलीले सहभागिता जनाएको थियो। उक्त कार्यक्रममा स्रोत व्यक्तिको रूपमा नायब महालेखापरीक्षक चन्द्रकान्त भण्डारी र निर्देशक सिर्जना रिमाल सहभागी भएका थिए। उक्त कार्यक्रममा ६ राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाको सहभागिता रहेको थियो।

५.४. **भर्चुअल माध्यमबाट अन्तरक्रियाः** महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण कार्यलाई थप पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने उद्देश्यले यो वर्ष सरोकारवालाहरूसँग पहिलो, दोस्रो तथा तेस्रो चरणको स्थलगत लेखापरीक्षण अवधिमा ४ पटक भर्चुअल माध्यमबाट अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। वार्षिक लेखापरीक्षण योजना, २०८१ बमोजिम यस प्रकारको कार्यक्रम प्रथम पटक आयोजना गरिएकोमा सो अन्तरक्रिया कार्यक्रममा २०८१।५।१७ मा १४७, २०८१।६।२ मा ५००, २०८१।८।२३ मा ३५५ र २०८१।९।१४ मा १६४ जनाको सहभागिता रहेको थियो।

५.५. **गुणस्तर आश्वस्तता पुनरावलोकनः** कार्यालयले लागु गरेको गुणस्तर आश्वस्तता पुनरावलोकन हेण्डबुक, २०७९ अनुसार सार्वजनिक क्षेत्रको लेखापरीक्षणका स्थापित मान्यता, नीति, मानदण्ड, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिमा भएको व्यवस्था लेखापरीक्षणमा अनुसरण भएको सुनिश्चित गर्न लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गर्नुपूर्व र प्रतिवेदन जारी पश्चात् सुपरिवेक्षण तथा आन्तरिक पुनरावलोकनलगायतका क्रियाकलाप सम्पादन हुँदै आएको छ। वार्षिक लेखापरीक्षण योजनाबमोजिम सबै सरकारी कार्यालयको लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपूर्व नाम्समार्फत नायब महालेखापरीक्षक तहबाट पुनरावलोकन गरिएको र गुणस्तर आश्वस्तता निर्देशनालयबाट ४ निकाय/कार्यालयको लेखापरीक्षण प्रतिवेदन जारी पूर्वको गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको छ। त्यसै गरी लेखापरीक्षण प्रतिवेदन जारी पश्चात्को पुनरावलोकनको लागि कार्यालयका निर्देशकहरूको नेतृत्वमा वित्तीय र परिपालना लेखापरीक्षणतर्फ ५६ र कार्यमूलक लेखापरीक्षणतर्फ ३ फाइलको गुणस्तर आश्वस्तता पुनरावलोकन गरी तयार भएको गुणस्तर आश्वस्तता पुनरावलोकन प्रतिवेदन, २०८१ महालेखापरीक्षकसमक्ष पेस भएको छ।

५.६. **सङ्गठित संस्थाको लेखापरीक्षणः** पूर्ण सरकारी स्वामित्वका सङ्गठित संस्थामध्ये यस वर्ष *४५* संस्थाको लागि *६४* बाह्य लेखापरीक्षकलाई सहयोगीको रूपमा नियुक्त गरी लेखापरीक्षण सम्पन्न गरिएको र अधिकांश सरकारी स्वामित्व भएका *४२* सङ्गठित संस्थाको लेखापरीक्षणका लागि *५३* लेखापरीक्षक नियुक्तिका लागि परामर्श दिइएको थियो।

५.७. **लेखापरीक्षणमा नागरिक सहभागिताः** सहभागितात्मक लेखापरीक्षण निर्देशिका, २०७९ बमोजिम कार्यालयले कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना सङ्कलन, लेखापरीक्षण योजना तर्जुमा,

कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको संलग्नतालाई निरन्तरता प्रदान गरिएको छ।

५.८. **लिखित जवाफः** कार्यालयले अन्तिम लेखापरीक्षण गरी पेश भएको प्रतिवेदन उपर विभिन्न निकायबाट अदालतमा दर्ता भएका मुद्दाहरूमा माग भए बमोजिम आर्थिक वर्ष २०८१।०८२ मा सम्बन्धित अदालतमा देहायानुसार लिखित जवाफ दर्ता गरिएको छ।

क्र.सं.	अदालतको नाम	लिखित जवाफ संख्या
१	सर्वोच्च अदालत	२४
२	उच्च अदालत पाटन	३
३	उच्च अदालत पोखरा	१
४	उच्च अदालत विराटनगर	१
५	उच्च अदालत तुलसीपुर, बुटवल इजलास	१
जम्मा		**३०**

६. आन्तरिक कार्य प्रणाली तथा लेखापरीक्षण व्यवस्थापन

६.१. **वार्षिक लेखापरीक्षण योजना, २०८१ तर्जुमा तथा कार्यान्वयनः** लेखापरीक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वार्षिक लेखापरीक्षण योजना तथा वार्षिक लेखापरीक्षण कार्यतालिका, २०८१ तर्जुमा गरिएको थियो। वार्षिक लेखापरीक्षण योजना तथा वार्षिक लेखापरीक्षण कार्यतालिका सरोकारवालाहरूलाई जानकारी गराउने सन्दर्भमा २०८१।४।१७ मा नेपाल सरकारका मुख्य सचिव तथा सबै लेखा उत्तरदायी अधिकृतबिच अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन र बेरुजु फर्स्यौंटलाई प्राथमिकता दिँदै वित्तीय अनुशासन कायम गर्ने सन्दर्भमा सबै लेखा उत्तरदायी अधिकृतलाई कार्यवाहक महालेखापरीक्षकज्यूले निर्देशन दिनुभएको थियो।

यो वर्षको वार्षिक लेखापरीक्षण योजना २०८१।४।९ मा स्वीकृत गरी सबै लेखापरीक्षण (संगठित संस्था र कार्यमूलक लेखापरीक्षण बाहेक) नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) बाट सम्पादन गरिएको छ। वार्षिक लेखापरीक्षण योजनामा लेखापरीक्षण गरिने निकायहरूलाई जोखिम मूल्याङ्कनका आधारमा उच्च र न्यून जोखिमयुक्त कार्यालयमा वर्गीकरण गरिएको थियो। उच्च जोखिममा रहेका निकायहरूको लेखापरीक्षण सम्बन्धित निकायमा उपस्थित भई विस्तृत रूपमा लेखापरीक्षण गरिएको छ। न्यून जोखिममा रहेका निकायको लेखापरीक्षण आर्थिक विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदन NAMS मा प्राप्त हुने व्यवस्था मिलाई दूर लेखापरीक्षण विधिबाट सम्पन्न गरिएको छ।

६.२. **लेखापरीक्षणमा खटिने कर्मचारीलाई अभिमुखीकरणः** माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूको समुपस्थितिमा कार्यालयबाट आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षणको लागि प्रथम चरणको ४० जिल्ला र निर्देशनालयगत रूपमा स्थलगत खटिने टोली लाई २०८१ श्रावण २८ मा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यवाहक महालेखापरीक्षकज्यूले सहभागीहरूलाई यो वर्षको लेखापरीक्षण कार्यतालिका तथा त्यसका विविध आयामका सम्बन्धमा निर्देशन प्रदान गर्नुभएको थियो। सो कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकज्यूले इकाईगत लेखापरीक्षण योजना, टोली व्यवस्थापन, डोर सञ्चालन, गुणस्तर नियन्त्रण तथा सुपरिवेक्षण, पेशागत मर्यादा र व्यवहार जस्ता स्थलगत लेखापरीक्षण प्रद्धति लगायतका सम्बन्धमा निर्देशनात्मक मन्तव्य राख्नु भएको थियो।

कार्यक्रममा लेखापरीक्षण योजनाका अतिरिक्त नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको कार्यसञ्चालन अवस्था, पूर्वाधार क्षेत्र, अर्थ राजस्व, भन्सार, स्थानीय तह, प्रशासनिक तथा सुरक्षा र सामाजिक सेवासँग सम्बन्धित विगत तथा पछिल्लो समयमा देखापरेका चासो र सरोकारका विषयमा सम्बन्धित उप-महालेखापरीक्षक र नायब महालेखापरीक्षकज्यूहरूबाट अभिमुखीकरण गरिएको थियो।

६.३. **प्रथम चरणको स्थलगत लेखापरीक्षणको प्रस्तुतीकरणः** महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०८१ बमोजिम प्रथम चरण अन्तर्गत विभिन्न ४० जिल्लास्थित संघीय र प्रदेश कार्यालय तथा स्थानीय तहको स्थलगत लेखापरीक्षण सम्पन्न गरी फर्किएका ९७ टोलीबाट प्रस्तुतीकरण कार्यक्रम माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूको समुपस्थितिमा २०८१ कार्तिक ९ देखि २१ गतेसम्म कार्यालयको सभाकक्षमा सम्पन्न भएको छ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले प्रथम चरणको स्थलगत लेखापरीक्षण कार्य सफलतापूर्वक सम्पन्न गरेकोमा टोली प्रमुख सहित सदस्यहरूलाई धन्यवाद दिनुहुँदै यो चरणको लेखापरीक्षणमा देखिएका नयाँ विषयहरूलाई अर्को चरणको लेखापरीक्षणमा समेत समुचित ढंगबाट विश्लेषण गर्न र आगामी वर्षको लेखापरीक्षण योजनामा समावेश गर्न निर्देशन दिनु भएको थियो। सो कार्यक्रममा लेखापरीक्षण टोलीका प्रमुखहरूले लेखापरीक्षण अंक, बेरुजु अंक, लेखापरीक्षणको क्रममा देखिएका प्रमुख व्यहोराहरू, आइपरेका प्रमुख समस्याहरू तथा डोर परिचालन तथा व्यवस्थापनमा गर्नुपर्ने सुधारका विषयहरू प्रस्तुत गर्नुभएको थियो। प्रस्तुतीकरण कार्यक्रममा सम्बन्धित उपहालेखापरीक्षक, नायब महालेखापरीक्षक, निर्देशक, लेखापरीक्षण अधिकारी लगायतका कर्मचारीको सहभागिता रहेको थियो।

६.४. **लेखापरीक्षण सम्बन्धी प्रदेशगत अन्तरक्रिया कार्यक्रम**

नेपालको संविधान बमोजिम संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको लेखापरीक्षण गर्ने अधिकार तथा जिम्मेवारी महालेखापरीक्षकलाई रहेको छ। वार्षिक लेखापरीक्षण योजना, २०८१ बमोजिम आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षणलाई थप गुणस्तरीय तथा विश्वसनीय बनाउने उद्देश्यले सात वटै प्रदेशमा माननीय महालेखापरीक्षक, उप-महालेखापरीक्षक तथा नायब महालेखापरीक्षकसहितको उपस्थितिमा लेखापरीक्षण तथा बेरुजु फर्स्यौट सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रम लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा क्रमशः २०८१ पौष ७-९, माघ २३ र पौष २०-२१ तथा कोशी, मधेश, वागमती र गण्डकी प्रदेशमा क्रमशः २०८१ मंसिर २४-२५, मंसिर २६-२७, पौष ११-१२ र माघ २९-३० गते सञ्चालन गरिएको थियो।

उक्त कार्यक्रम अन्तर्गत प्रदेश प्रमुखहरूसँग शिष्टाचार भेटघाट, मुख्यमन्त्रीको उपस्थितिमा सबै मन्त्री तथा लेखा उत्तरदायी अधिकृतहरुसँग अन्तरक्रिया र सम्बन्धित लेखा समितिसँग छलफल लगायतका क्रियाकलाप रहेका थिए। अन्तरक्रिया कार्यक्रममा कानुनको पालनाबाट बेरुजुमा कमी ल्याउन सकिने र लेखापरीक्षणबाट औँल्याइएका व्यहोराहरूको प्रभावकारी कार्यान्वयन गरी वित्तीय अनुशासनमा सुधार ल्याउने सम्बन्धमा छलफल भएको थियो। साथै प्रदेशहरूको बेरुजु फर्स्यौटको प्रगति सन्तोषजनक नदेखिएकोले यसमा तदारुकता ल्याउन र बेरुजु हुने स्थितिमा कमी ल्याउन कानुनी व्यवस्था अनुसार सबै सरकारी निकायले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकतामाथि समेत सो कार्यक्रममा जोड दिइएको थियो। यसै गरी

गाउँपालिका महासंघ, नगरपालिका महासंघ लगायतका सरोकारवालाहरूले आयोजना गरेका कार्यक्रमहरुमा कार्यालयको तर्फबाट नायब महालेखापरीक्षकहरुको सहभागिता रहेको थियो।

६.५. **स्थानीय तहसँग अन्तरक्रियाः** काठमाडौं उपत्यकाभित्रका स्थानीय तहका पदाधिकारीहरूसँग लेखापरीक्षण योजना, २०८१ र प्रतिवेदन कार्यान्वयनका विषयमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा नागरिकको सबैभन्दा नजिकबाट निगरानी हुने स्थानीय सरकारमा वर्षेनी एकै प्रकृतिका बेरुजु दोहोरिनु उचित नभएकोले नवनिर्वाचित नेतृत्वले त्यसमा सुधार ल्याउने विश्वास व्यक्त गरिएको थियो। स्थानीय तहले आफ्ना योजनाका अतिरिक्त संघ, प्रदेश र गैर सरकारी संघसंस्थाबाट सञ्चालित कार्यक्रमहरूको समेत अनुगमन गर्नुपर्ने महत्त्वपूर्ण जिम्मेवारी रहेकोले समग्र बेरुजुमा कमी ल्याउन स्थानीय तहको संस्थागत सुदृढीकरण र प्रभावकारी आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षणको आवश्यकतामा जोड दिएको थियो।

६.६. **महालेखा नियन्त्रकबाट एकीकृत वित्तीय विवरण पेशः** माननीय महालेखापरीक्षक श्री तोयम राया समक्ष महालेखा नियन्त्रक श्री विनोदप्रकाश सिंहले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(१) बमोजिम आर्थिक वर्ष २०८०।८१ को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण तथा सरकारी कार्यालयहरूको PAMS मा आधारित सम्पत्ति विवरण २०८१ कार्तिक १४ गते पेश गर्नु भएको थियो।

कार्यक्रमका अवसरमा कार्यवाहक महालेखापरीक्षकज्यूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले व्यवस्था गरे अनुसार आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नदेखिएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली कार्यान्वयनमा आए तापनि सार्वजनिक सम्पत्तिको पूर्णरूपमा प्रविष्टि हुन नसक्दा त्यसको पूर्ण सार्थकता कायम हुन नसकेको धारणा राख्नु भएको थियो। यसै गरी वहाँले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट तथा सम्परीक्षण गराउन महालेखा नियन्त्रक कार्यालयको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नुहुँदै सार्वजनिक वित्त व्यवस्थापनमा संलग्न निकायहरूले सञ्चालनमा ल्याएका विद्युतीय प्रणालीहरूबिच अन्तर-आवद्धता एवं तिनीहरूको निरन्तर स्तरोन्नति, निकायहरूबिच उच्चस्तरको समन्वय र कानूनको परिपालना तथा अनुगमन निरीक्षण प्रणालीमा कार्यालयले अझ बढी ध्यान दिनु पर्ने आवश्यकतामाथि जोड दिनु भएको थियो।

कार्यक्रममा महालेखा नियन्त्रक सिंहले आर्थिक वर्ष २०८०।८१ को संघीय सञ्चित कोषका अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजश्व, धरौटी तथा अन्य कोषहरू सहितको केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण पेश गरिएको र यस सम्बन्धमा कार्यवाहक महालेखापरीक्षकज्यूबाट प्राप्त सुझाव तथा मार्ग निर्देशनप्रति आभार प्रकट गर्नुभएको थियो। उक्त कार्यक्रममा यस कार्यालयका उप-महालेखापरीक्षक, नायब महालेखापरीक्षकहरूसहित सम्वद्ध कर्मचारीहरूको उपस्थिति रहेको थियो।

६.७. **लेखापरीक्षण सल्लाहकार समितिको बैठकः** लेखापरीक्षणको विश्वसनीयता, गुणस्तर तथा प्रभाव अभिवृद्धि गर्दै यसका नीतिगत, कानूनी, प्रक्रियागत तथा व्यावहारिक पक्षहरूमा सुधार ल्याउने उद्देश्यले लेखापरीक्षण सल्लाहकार समितिको गठन गरिएको छ। सल्लाहकार समितिमा महालेखापरीक्षकज्यूको अध्यक्षतामा प्रशासनिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत राष्ट्रिय जीवनका महत्त्वपूर्ण क्षेत्रमा कार्य अनुभव भएका तथा योगदान पुऱ्याएका व्यक्तिहरू सदस्य रहेका छन् भने उप-महालेखापरीक्षकले समितिको सदस्य सचिवको रूपमा कार्य गर्ने व्यवस्था मिलाइएको छ। यो वर्ष उक्त समितिको ३ वटा

बैठक आयोजना गरिएको र उक्त बैठकमा महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, लेखापरीक्षण नीति तथा कार्यक्रम, कार्यमूलक, सूचना प्रविधि, वातावरणीयलगायत विशेष लेखापरीक्षणका विषयहरू, नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको कार्य सञ्चालन स्थिति, लेखापरीक्षणमा समावेश हुने विषयहरू, प्रतिवेदन तयारी लगायतका विषयमा छलफल गरी समितिका सदस्यहरूबाट सुझावहरू लिइएको छ।

६.८. **कार्यालयको ६७ औँ वार्षिकोत्सव कार्यक्रमः** महालेखापरीक्षकको कार्यालयको ६७ औँ वार्षिकोत्सव समारोह सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूको प्रमुख आतिथ्य एवं सार्वजनिक लेखा समितिका सभापति माननीय श्री ऋषिकेश पोखरेलज्यूको विशेष आतिथ्य र संवैधानिक निकायका प्रमुखज्यूहरू, नेपाल सरकारका मुख्य सचिव, नेपाली सेनाका प्रधान सेनापतिज्यू, सङ्घीय संसदका महासचिवज्यू, नेपाल सरकारका सचिवज्यूहरू, सुरक्षा निकायका प्रमुखज्यूहरू, पूर्व महालेखापरीक्षकज्यूहरू, लेखापरीक्षण सल्लाहकार समितिका सदस्यज्यूहरू, कार्यालयका पूर्व उप-महालेखापरीक्षकज्यूहरू तथा पूर्व कर्मचारी लगायत कार्यालयका राष्ट्रसेवक कर्मचारी तथा सञ्चारकर्मीहरू समेतको उपस्थितिमा २०८२ आषाढ १५ गते सम्पन्न भयो।

कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीय सभामुखज्यूले महालेखापरीक्षकको कार्यालयबाट हुने लेखापरीक्षणले आर्थिक कारोबारमा भएका विकृति, विसंगतिहरूलाई पारदर्शी ढंगले यथार्थपरक रूपमा बाहिर ल्याएको उल्लेख गर्नुहुँदै सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्न र सार्वजनिक क्षेत्र तथा निकायमा हुने आर्थिक अनियमितता एवं चुहावट नियन्त्रणका लागि नेपालको संविधान तथा प्रचलित कानूनले महालेखापरीक्षकलाई महत्वपूर्ण जिम्मेवारी सुम्पेको चर्चा गर्नुभयो। साथै वहाँले त्यस्तो जिम्मेवारी पूरा गर्न कार्यालयमा कार्यरत जनशक्तिको क्षमता विकासमा विशेष ध्यान दिनुपर्ने उल्लेख गर्नु हुँदै राज्यको स्रोत साधन र कोष सञ्चालन गर्ने सबै सरकारी निकायहरूले वित्तीय अनुशासन र जवाफदेहिता वहनमा नेतृत्वदायी भूमिका निर्वाह गरी सकभर अनियमितता र बेरुजु हुनै नपाउने गरी काम, कारबाही सञ्चालन गर्नुपर्ने समेत बताउनु भयो।



कार्यालयको ६७ औँ वार्षिकोत्सव समारोहका अवसरमा सम्माननीय सभामुख, माननीय लेखा समितिका सभापति, माननीय महालेखापरीक्षक लगायतका पदाधिकारी तथा अन्य कर्मचारीहरू ।

सो वार्षिकोत्सव कार्यक्रममा सार्वजनिक लेखा समितिका माननीय सभापतिज्यूले वार्षिकोत्सवको शुभकामना प्रदान गर्नुहुँदै जनताबाट संकलन गरेको कर पारदर्शी तथा विधिसम्मत खर्च भए नभएको मूल्यांकन गरी यथार्थ प्रतिवेदन तयार गर्न तथा लेखापरीक्षण गर्दा दबाब र प्रभावमा नपरी कार्यसम्पादन गर्नुपर्ने विषयमा जोड दिँदै संसदका समितिहरूले दिएका सुझावहरू कार्यान्वयन हुनुपर्ने विचार व्यक्त गर्नु भएको थियो। सो अवसरमा माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले कार्यक्रममा उपस्थित महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्नुहुँदै लेखापरीक्षणमा अपनाइएका विधि, प्रक्रिया र मान्यताका सम्बन्धमा प्रकाश पार्नु भएको थियो। साथै महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको प्रभावकारी कार्यान्वयन नहुँदा अपेक्षितस्तरमा वित्तीय सुशासन अनुभूति गराउन नसकिएको उल्लेख गर्नुहुँदै महालेखापरीक्षकको कार्यालयले स्थानीय तहको लेखापरीक्षणलाई विशेष महत्त्व दिदै आएको समेत बताउनु भएको थियो।

वार्षिकोत्सव कार्यक्रममा यस वर्ष लेखापरीक्षण व्यवस्थापनतर्फ ३ जना र लेखापरीक्षणतर्फ ७ जना उत्कृष्ट कार्य सम्पादन गर्ने विभिन्न पदमा कार्यरत जम्मा १० जना कर्मचारीलाई पुरस्कृत गरिएको थियो भने INTOSAI Development Initiatives (IDI) बाट सञ्चालित Professional Education for SAI Auditors (PESA) कोर्स पूरा गरी दीक्षित हुनुभएका कार्यालयका ३ जना कर्मचारीलाई प्रमाणपत्र हस्तान्तरणसमेत गरिएको थियो। वार्षिकोत्सव समारोह अन्तर्गत नै आषाढ १४ गते "सकारात्मक परिवर्तनको लागि तनाव व्यवस्थापन" सम्बन्धी प्रवचन, २५ वर्ष सेवा अवधि पूरा गर्ने ६ जना राष्ट्रसेवक कर्मचारीहरूलाई दीर्घसेवा सम्मान तथा आषाढ १३ गते रक्तदान गर्ने ५५ राष्ट्रसेवक कर्मचारीहरूलाई प्रमाणपत्र वितरण लगायतका कार्यक्रम आयोजना गरिएका थिए।

६.९. **अनवरत पेशागत शिक्षा तालिमः** कार्यालयका कर्मचारीका लागि अनवरत पेशागत शिक्षा (CPE) सम्बन्धी तीन दिने (न्यूनतम १८ क्रेडिट आवरको) तालिम २०८२ जेठ महिनामा सम्पन्न भएको छ। विभिन्न मितिमा तीन चरणमा सञ्चालन भएको उक्त तालिम कार्यक्रममा लेखापरीक्षणमा संलग्न हुने ४५३ कर्मचारीको सहभागिता रहेको थियो। तालिम कार्यक्रमलाई सम्बोधन गर्दै माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले पेशागत तालिममा हासिल गरेको ज्ञान, सीप तथा धारणाले कर्मचारीहरूको दक्षता अभिवृद्धि भई लेखापरीक्षणको गुणस्तर अभिवृद्धि हुने विश्वास व्यक्त गर्नु भएको थियो। लेखापरीक्षण कार्यको अन्तिम निचोड लेखापरीक्षण प्रतिवेदन नै भएकोले त्यसलाई सम्बन्धित सरोकारवालाले यथार्थ रूपमा बुझ्न सक्ने तथा लेखापरीक्षण मानदण्ड अनुरूप प्रतिवेदनमा स्तरीयता ल्याउन सहयोग पुग्ने गरी तालिमका विषयवस्तु समावेश गर्नु पर्ने धारणा समेत वहाँले राख्नु भएको थियो।

६.१०. **संगठित संस्थाका पदाधिकारी र लेखापरीक्षकसँगको अन्तरक्रिया कार्यक्रम -** विभिन्न संगठित संस्थाका प्रमुख र महालेखापरीक्षकको सहायकको रूपमा नियुक्त तथा महालेखापरीक्षकको परामर्शमा नियुक्त लेखापरीक्षकहरूसँग महालेखापरीक्षकको कार्यालय, अनामनगरमा २०८१ आषाढ २० गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमका अवसरमा माननीय महालेखापरीक्षकज्यूले आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षणको लागि नियुक्ति वा नियुक्तिका लागि परामर्श दिइएका संगठित संस्थाका लेखापरीक्षकहरूलाई त्यस्तो संस्थाको लेखापरीक्षण गर्दा ध्यान दिनुपर्ने विषयहरू सम्बन्धमा निर्देशन दिनु भएको थियो। माननीय महालेखापरीक्षकज्यूले आफ्नो मन्तव्यको क्रममा सबै लेखापरीक्षकहरूले तोकिएको समयमा लेखापरीक्षण सम्पन्न गर्न आफ्नो कार्य योजना तयार गर्ने, जोखिमका क्षेत्रहरूको सूची तयार गर्ने, लेखापरीक्षणको क्रममा संस्थाका शाखाहरूको भ्रमण गर्ने, सार्वनजिक संस्थानको सम्पत्तिको अवस्थाको अवलोकन गरी लेखापरीक्षण प्रतिवेदनमा औँल्याउनु पर्ने

विषयहरू कुनै पनि अवस्थामा नछोडी आफ्नो पेशागत मर्यादा र आचरणको पालना गर्ने विश्वास व्यक्त गर्नु भयो। उक्त कार्यक्रममा नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थानमा नियुक्त भएका ५५ जना चार्टर्ड एकाउन्टेन्ट एवं आंशिक स्वामित्व भएका लेखापरीक्षणको लागि परामर्श दिइएका ४८ वटा संस्थानका लेखापरीक्षक (चार्टर्ड एकाउटेन्ट तथा रजिष्टर्ड अडिटर) हरूको उपस्थिति रहेको थियो।

६.११. **कार्यमूलक लेखापरीक्षणमा नागरिक सहभागिताः** सहभागितात्मक लेखापरीक्षण कार्यविधि, २०७३ ले लेखापरीक्षण कार्यमा नागरिक संलग्नताको माध्यमबाट पारदर्शिता अभिवृद्धि गरी प्रतिवेदनको विश्वसनीयतालाई बढाउन नागरिक समाज संस्थाहरू (CSOs) को सहभागिताको ढाँचा निर्धारण गरेको छ। कार्यालयले कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना सङ्कलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको संलग्नतालाई निरन्तरता प्रदान गरेको छ। यो वर्ष औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहर व्यवस्थापन लगायतका विषयमा नागरिक समाज/संस्थालाई सहभागी गराई लेखापरीक्षण सम्पन्न गरिएको छ।

६.१२. **विद्युतीय सुशासन (E-Governance):** कार्यालयले आफ्नो कामकारबाहीलाई व्यवस्थित गर्न देहायका विद्युतीय प्रणाली विकास गरी लागु गरेको छः

- लेखापरीक्षण योजनादेखि अनुगमन/सम्परीक्षणसम्मका क्रियाकलापलाई विद्युतीय पद्धतिमा आधारित गराउन नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को विकास गरी प्रयोगमा ल्याइएको छ। आ. व. २०७७।७८ देखि संघ, प्रदेश र स्थानीय तह तथा सो मातहतका सबै निकायको लेखापरीक्षण व्यवस्थापन सोही प्रणालीबाट हुँदै आएको छ।
- कर्मचारीहरूको उपस्थिति, बिदाको अभिलेख तथा प्रतिवेदन व्यवस्थापन गर्न विद्युतीय हाजिरी (e-Attendance) प्रणालीलाई निरन्तरता दिइएको छ।
- कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि विद्युतीय प्रणालीबाट तालिम प्रशिक्षण प्रदान गर्ने तथा सो सम्बन्धी सामग्रीहरू संग्रह गर्नका लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) अन्तर्गतको INTOSAI Devlopment Initiative (IDI) को प्राविधिक सहयोगमा सिकाइ व्यवस्थापन प्रणाली (Learning Management System-LMS) विकासको चणमा रहेको छ।
- कार्यालयको जिन्सी मालसामानको आम्दानी, खर्च तथा मौज्दातको अभिलेख विद्युतीय प्रणाली (Public Assets Management System-PAMS) मा राख्ने गरिएको छ।
- कार्यालयको सबै निर्देशनालय तहसम्म कम्प्युटर र इन्टरनेट/इन्ट्रानेट सुविधा पुऱ्याइएको र वेबसाइट www.oagnep.gov.np लाई Static बाट Dynamic बनाई कार्यालय सम्बन्धी सूचनाहरू समावेश गरिएको छ।
- कार्यालयमा प्राप्त पत्रहरू दर्ताको लागि विद्युतीय प्रणाली सञ्चालनमा रहेको छ।
- कार्यालयबाट जारी हुने विभिन्न परिपत्र तथा निर्देशनहरू कर्मचारीहरूलाई विद्युतीय माध्यमबाट सम्प्रेषण गर्ने व्यवस्थाको शुरुवात गरिएको छ।

६.१३. कार्यालयको आन्तरिक कार्य प्रणालीलाई व्यवस्थित गर्न तथा लेखापरीक्षणको गुणस्तर सुधार गर्नको लागि लेखापरीक्षण मानदण्ड, अचारसंहिता तथा क्षेत्रगत मार्गदर्शनहरू तर्जुमा गरी कार्यान्वयन

गरिएको छ। त्यस्तै कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि विभिन्न क्षेत्रको लेखापरीक्षण सम्बन्धी तालिम तथा प्रशिक्षण, लेखापरीक्षण गुणस्तर नियन्त्रण तथा आश्वस्तता सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्। यससम्बन्धी प्रमुख क्रियाकलाप देहायबमोजिम छन्:

- सर्वोच्च लेखापरीक्षण संस्थाको पेशागत मूल्य, मान्यताको आधारमा वस्तुनिष्ठता, विश्वसनीयता, पेशागत मर्यादा तथा व्यावसायिक कार्य संस्कृतिको विकासका लागि लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन र प्रतिवेदन प्रणालीसँग सम्बन्धित विषयमा सुधारको कार्यलाई निरन्तरता दिइएको छ।
- लेखापरीक्षणको कार्यबोझ, कारोबारमा निहित जोखिम, उपलब्ध जनशक्ति, क्षमतासमेतका आधारमा जोखिममा आधारित लेखापरीक्षण (Risk Based Audit) पद्धतिको अवलम्बन गरिएको छ।
- लेखापरीक्षणको गुणस्तर र विश्वसनीयता अभिवृद्धि गर्दै नतिजामूलक बनाउन कार्यमूलक, विशेष, सूचना प्रविधि र अन्य विविध विषयको लेखापरीक्षणलाई जोड दिने नीति अवलम्बन गरिएको छ।
- नियमनकारी निकायहरूको लेखापरीक्षणमा विशेष ध्यान दिँदै पूर्ण सरकारी स्वामित्वका संगठित संस्थाहरूको लेखापरीक्षणका लागि आवश्यक जनशक्ति र क्षमता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिएको छ।
- लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अनुगमन, सुपरिवेक्षण, गुणस्तर नियन्त्रण र आश्वस्तताको कार्यलाई विशेष प्राथमिकतामा राखिएको छ।
- सार्वजनिक संस्थान तथा संगठित संस्थाको लेखापरीक्षणमा खटिएका लेखापरीक्षकहरूसँग नियमित अन्तरक्रिया तथा छलफलको माध्यमबाट गुणस्तरीय र विश्वसनीय प्रतिवेदन तयारीका लागि निर्देशन दिइएको छ।
- कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना सङ्कलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको सहभागितालाई निरन्तरता दिइएको छ।
- लेखापरीक्षण कार्यको नियमित अनुगमनका लागि अनुगमन तथा निरीक्षण निर्देशनालयको स्थापना गरिएको छ।
- लेखापरीक्षण कार्यको स्थलगत अनुगमन तथा सुपरिवेक्षणका अलावा विद्युतीय माध्यमबाट समेत लेखापरीक्षण प्रतिवेदन जारी गर्नु पूर्व निकायको छनौटका आधारमा सुपरिवेक्षक तथा गुणस्तर आश्वस्तता निर्देशनालयबाट गुणस्तर पुनरावलोकन गर्ने कार्यलाई प्राथमिकता दिइएको छ।
- लेखापरीक्षण कार्य शुरु गर्नुपूर्व र लेखापरीक्षण सम्पन्न भए पश्चात् देखिएका प्रमुख विषय तथा व्यहोराहरू उपर केन्द्रीयस्तरमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरूसँग छलफल तथा अन्तरक्रिया गर्ने गरिएको छ।
- कार्यमूलक लेखापरीक्षणको क्षेत्र र दायरा विस्तार गर्न कार्यमूलक तथा विशेष लेखापरीक्षण महानिर्देशनालयका अलावा अन्य सम्बन्धित महानिर्देशनालयबाट समेत कार्यमूलक लेखापरीक्षण गर्ने कार्यको थालनी गरिएको छ।

- सूचना प्रविधि लेखापरीक्षणलाई विशेष महत्व दिई लेखापरीक्षण कार्यमा सम्बन्धित क्षेत्रका विज्ञहरूको सेवा समेत लिने गरिएको छ।

७. महालेखापरीक्षकको बासठ्ठिऔं वार्षिक प्रतिवेदन, २०८२

माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष नेपालको संविधानको धारा २४१ अनुसार आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४(१) बमोजिम महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदन, २०८२ राष्ट्रपति भवन शीतल निवासमा आयोजित एक कार्यक्रमकाबिच पेश गर्नुभएको छ। सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले वित्तीय जवाफदेहिता र पारदर्शिता कायम गर्न महालेखापरीक्षकको कार्यालय र यसबाट हुने लेखापरीक्षणको भूमिका महत्वपूर्ण हुने तथा वार्षिक प्रतिवेदनमा उल्लिखित व्यहोरा नेपाल सरकारले कार्यान्वयन गर्ने गर्नुपर्ने व्यहोरा औंल्याउनुभएको थियो। प्रतिवेदन ग्रहण गर्दै सम्माननीय राष्ट्रपतिज्यूले संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण पश्चात् तयार भएको ६२ औं वार्षिक प्रतिवेदन, २०८२ पेश गरेकोमा महालेखापरीक्षकज्यू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न सम्पूर्ण कर्मचारीलाई धन्यवाद व्यक्त गर्नुभएको थियो। सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले वित्तीय जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा महालेखापरीक्षकको भूमिका महत्त्वपूर्ण हुने विचार व्यक्त गर्नुभयो। साथै सार्वजनिक निकायहरूमा बढ्दो बेरूजूलाई कम गर्दै लाने र आर्थिक कारोबारमा मितव्ययिता कायम गर्ने कार्यमा महालेखापरीक्षकको कार्यालयले खेलेको भूमिकाको सराहना गर्दै कार्यालयले आर्थिक अनुशासन कायम राख्न वित्तीय जवाफदेहिता, सदाचारिता र पारदर्शिता प्रवर्द्धनका साथै गुणस्तरीय लेखापरीक्षण सेवा प्रवाहको लागि व्यावसायिक दक्षता अभिवृद्धि गर्दै अझै प्रभावकारी कदम चाल्ने विश्वास समेत सम्माननीय राष्ट्रपतिज्यूले व्यक्त गर्नुभएको थियो।

वार्षिक प्रतिवेदन पेश गर्न आयोजित कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण व्यवस्थापन र वार्षिक प्रतिवेदन तयार गर्न अवलम्वन गरिएका विधि र प्रक्रियाको बारेमा उल्लेख गर्दै प्रतिवेदनमा मूलतः बजेट व्यवस्थापन, वैदेशिक सहायता, राजस्व प्रशासन, योजना व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, सार्वजनिक खर्च व्यवस्थापन, अनुदान व्यवस्थापन र उपयोग, सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण, सूचना प्रविधिको उपयोग अवस्था, सार्वजनिक संस्थान व्यवस्थापन, लेखाङ्कन र प्रतिवेदन प्रणाली, आन्तरिक नियन्त्रण एवं लेखापरीक्षण, नियमन व्यवस्था, संघीयता कार्यान्वयन, प्रदेश तथा स्थानीय सरकारको वित्तीय व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, संघीयता कार्यान्वयनका सन्दर्भमा संघ, प्रदेश तथा स्थानीय तहबाट भएका काम कारबाहीको मूल्याङ्कन लगायतका पक्ष समेटिएको जानकारी दिनुभयो।

वार्षिक प्रतिवेदनमा समावेश मुख्य व्यहोरा लेखापरीक्षण नतिजा खण्ड अन्तर्गत समावेश गरिएको छ।




सम्माननीय राष्ट्रपतिज्यूसमक्ष ६२औं वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू ।

८. विनियोजन तथा खर्चको स्थिति

८.१. **विनियोजनः** यस कार्यालयको २०८१।८२ को विनियोजन (चालु, पुँजीगत र अर्थ बजेट) तर्फको आर्थिक कारोबार देहायअनुसार रहेको छः

- ब.उ.शी.नं. २०८०००१३ (सञ्चित कोषमाथि व्ययभार हुने खर्च) तर्फ यो वर्ष रू. ३३ लाख २५ हजार बजेट विनियोजन भएकोमा रू. २३ लाख ५३ हजार (७०.७६ प्रतिशत) खर्च भएको छ।
- ब.उ.शी.नं. २०८००११३ (प्रशासनिक खर्च-चालु) तर्फ यो वर्ष रू. ६४ करोड ४६ लाख ५४ हजार बजेट विनियोजन भएकोमा रू. ५९ करोड ०३ लाख १९ हजार (९१.५७ प्रतिशत) खर्च भएको छ।
- ब.उ.शी.नं. २०८००११४ (प्रशासनिक खर्च-पुँजीगत) तर्फ यो वर्ष रू. ९ करोड बजेट व्यवस्था भएकोमा रू. ३ करोड २१ लाख ४९ हजार (३५.७२ प्रतिशत) खर्च भएको छ।
- अर्थ बजेटतर्फ सञ्चित बिदा र औषधि उपचार र उपदानमा रु २ करोड २१ लाख ४७ हजार बजेट व्यवस्था भई शत प्रतिशत खर्च भएको छ।



८.२. **राजस्वः** यस वर्ष अन्य प्रशासनिक सेवा शुल्क र बेरुजु समेत २ वटा शीर्षकमा रू. १० लाख ७५ हजार राजस्व संकलन भई सम्बन्धित शीर्षकमा सञ्चितकोष दाखिला गरिएको छ।

८.३. **धरौटीः** गत आर्थिक वर्षसम्मको धरौटी जिम्मेवारी रू. १८ लाख १८ हजार र यस वर्ष प्राप्त रू. ११ लाख ०३ हजार समेत जम्मा धरौटी आम्दानी रू. ६३ लाख २२ हजार रहेकोमा रू. ६ लाख १ हजार फिर्ता तथा सदरस्याहा भई रू. ५७ लाख २० हजार बाँकी रहेको छ।

८.४. **लेखापरीक्षण र बेरुजु फर्स्यौटः** यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को कारोबारको लेखापरीक्षण सम्पन्न भएको छ। उक्त लेखापरीक्षणबाट लगती बेरुजु कायम भएको छैन। लेखापरीक्षणबाट औंल्याइएका रणनीतिक योजनाको कार्यान्वयन स्थिति, लक्ष्य-प्रगति स्थिति, जिन्सी व्यवस्थापन लगायतका सैद्धान्तिक व्यहोराहरूमा क्रमशः सुधार गर्दै लगिएको छ।

८.५. **कार्यालय सामग्री, उपकरण तथा सेवा आपूर्ति** - कार्यालयलाई आवश्यक मालसामान तथा सेवाहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ ले तोकेको प्रावधानअनुसार खरिद गर्न खरिद इकाई गठन गरी वार्षिक खरिद योजनाअनुसार बोलपत्र, सिलबन्दी दरभाउपत्र, मौजुदा सूचीबाट प्रस्ताव माग तथा सोझै विधिद्वारा खरिद कार्य गरिएको छ। कार्यालय सामग्री, उपकरण तथा सेवा आपूर्तिको लक्ष्य प्रगति स्थिति देहायअनुसार छः

क्र सं.	विवरण	खरिद विधि	रकम (रु. हजारमा) (मू.क.कर सहित)	लक्ष्य (पटक)	प्रगति (पटक)
१.	कर्मचारीको लागि बस सेवा	बोलपत्र	४२८१	१	१
२.	कार्यालय मालसामान	बोलपत्र	९१९९	१ (जब)	१ (जब)
३.	ल्यापटप कम्प्युटर	बोलपत्र र सोझै	१३३६१	३	३
४.	डेस्कटप कम्प्युटर	बोलपत्र	३०३४	२	२
५.	प्रिन्टर	सोझै खरिद	१०००	१	१
६.	डिस्प्ले बोर्ड	सोझै खरिद	९९९	१	१
७.	फोटोकपी मेसिन	सोझै खरिद	७३४	१	१
८.	NAMS सफ्टवेयर सञ्चालन/मर्मत सम्भारको लागि परामर्श सेवा	मौजुदा सूचीबाट प्रस्ताव आव्हान	७२८१	१	१
९.	भवन मर्मत, रंगरोगन, पार्टेशन लगायत अन्य	सोझै	१४९९	१	१

९. **अन्तर्राष्ट्रिय सम्बन्ध, समन्वय एवं सहयोग -** सार्वजनिक लेखापरीक्षणको क्षेत्रमा असल अभ्यासको अनुसरण तथा अन्य सर्वोच्च लेखापरीक्षण संस्था (*Peer SAI*) हरूसँग सहकार्य गरी लेखापरीक्षणलाई अन्तर्राष्ट्रियस्तर अनुरूप बनाउने, अन्य मुलुकको अनुभव आदान-प्रदान गर्ने तथा कार्यालयले गरेका कामहरू अन्य मुलुकहरूलाई जानकारी गराउने उद्देश्यले अन्तर्राष्ट्रिय क्षेत्रमा सक्रियतापूर्वक सहभागी हुने कार्यालयको नीति रहेको छ। सो नीतिअनुरूप यस वर्ष भएका प्रमुख क्रियाकलाप देहायबमोजिम छन:-

९.१. माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले मितिः २०८१।१२।२४ गते देखि २०८१।१२।२७ सम्म थाइल्याण्डको बैङ्कमा संचालन भएको "IDI-ADB" को SAI Leadership Forum 'Enhancing Systems of Audit Quality Management and Follow-up for Greater performance audit Impact.' *विषयक* कार्यक्रममा सहभागी हुनु भएको थियो।

९.२. माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले भारतको नयाँ दिल्लीमा मितिः २०८१।०६।०६ गते देखि २०८१।०६।१२ सम्म "16th ASOSAI Assembly and 9th ASOSAl Symposium" विषयक कार्यक्रम सहभागी हुनु भएको थियो।

९.३. माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले नेपाल चेम्वर अफ कमर्श, नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिषद्का पदाधिकारीहरुसंग मिति २०८२।०१।०३ गतेका दिन नेपालको अर्थतन्त्रको वर्तमान अवस्था तथा सवालका सम्वन्धमा छलफल गर्नुभएको थियो।

९.४. माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पूर्व अध्यक्ष तथा वर्तमान पदाधिकारहरू सँग मिति २०८२।०१।०४ गतेका दिन लेखापरीक्षण तथा सम्परीक्षण सम्वन्धी विषयमा छलफल गर्नु भएको थियो।

९.५. माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले काठमाडौं उपत्यकाका पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरुसंग मिति २०८१।७।७ का दिन छलफल तथा अन्तर्क्रिया गर्नुभएको थियो।


१०. **वैदेशिक तालिम, अध्ययन तथा अवलोकनः** कार्यालयका कर्मचारीहरूको क्षमता विकास एवं उत्प्रेरणा अभिवृद्धिको लागि आर्थिक वर्ष २०८१।८२ मा ९८ जना कर्मचारीहरूलाई अन्तर्राष्ट्रियस्तरका कार्यक्रममा सहभागी गराइएको छ।

११. राष्ट्रिय तालिम, सेमिनार तथा गोष्ठी

कार्यालयका कर्मचारीहरूको दक्षता अभिवृद्धिको सिलसिलामा आर्थिक वर्ष २०८१।८२ मा कार्यालय तथा अन्य निकायबाट सञ्चालन गरिएका तालिम, सेमिनार तथा गोष्ठीहरूमा कुल १,७७१ जना कर्मचारीहरूलाई सहभागी गराइएको छ।

१२. लेखापरीक्षण नतिजा

१२.१. **लेखापरीक्षण नतिजा सम्प्रेषणः** नेपालको संविधानअनुसार महालेखापरीक्षकले वर्षभरि सम्पादन गरेको कामको प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) बाट जारी लेखापरीक्षणमानले सर्वोच्च लेखापरीक्षण संस्थाहरूलाई प्रत्येक लेखापरीक्षण नतिजा सम्प्रेषण हेतु लेखापरीक्षण प्रतिवेदन तयार गरी सार्वजनिक गर्न सुझाव दिएको छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदन प्रधानमन्त्री मार्फत् संघीय संसदमा पेश गरी छलफल हुने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयबाट गरिने लेखापरीक्षणको नतिजा सम्प्रेषणको ढाँचालाई चित्रमा देहायअनुसार प्रस्तुत गर्न सकिन्छः-



१२.२. **लेखापरीक्षण नतिजा सार्वजनिकः** यो वर्ष संघीय मन्त्रालय तथा निकाय ३ हजार ९३ (बक्यौता ३ समेत), प्रदेश मन्त्रालय तथा निकाय १ हजार १६५, स्थानीय तह बक्यौता ८ समेत ७६१, विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठान ६९५ (प्रदेशतर्फको १२५ समेत) र संगठित संस्था ४५ को लेखापरीक्षण सम्पन्न गरी २०८२ वैशाख ३१ गते सम्माननीय राष्ट्रपतिज्यूसमक्ष

महालेखापरीक्षकको ६२ औँ वार्षिक प्रतिवेदन पेस गरिएको छ। त्यस्तै प्रदेश सरकारको लेखापरीक्षण वार्षिक प्रतिवेदन समेत सातै प्रदेशका माननीय प्रदेश प्रमुखसमक्ष पेस गरिएको छ। उक्त वार्षिक प्रतिवेदनहरू यस कार्यालयको वेबसाइट www.oag.gov.np मा राखिएको छ।

१३. वित्तीय तथा परिपालना लेखापरीक्षण

१३.१. यो वर्ष सङ्घीय मन्त्रालय तथा निकाय मातहतका ३ हजार ९३ कार्यालयको रू. ३१ खर्ब ६ अर्ब १६ करोड, प्रदेश मन्त्रालय तथा निकाय मातहतका १ हजार १६५ कार्यालयको रू. ३ खर्ब ८५ अर्ब ६ करोड, स्थानीय तह ७५३ र बक्यौता ८ समेत ७६१ को रू.११ खर्ब १८ अर्ब ४६ करोड, ६९५ समिति र अन्य संस्थाको रू. ५ खर्ब २२ अर्ब १३ करोड र ४५ सङ्गठित संस्थाको रू. ४४ खर्ब ७ अर्ब ५ करोडसमेत रू. ९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ।

लेखापरीक्षण गरिएका निकायको विवरण

(रू. करोडमा)

(क)	वित्तीय लेखापरीक्षण		
	१. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता ३ समेत)	३०९३	३१०६१६
	२. प्रदेश मन्त्रालय तथा निकाय	११६५	३०८५६
	३. स्थानीय तह (बक्यौता ८ समेत)	७६१	१११८४६
	४. समिति र अन्य संस्था (प्रदेशतर्फको १२५ समेत)	६९५	५२२१३
	५. सङ्गठित संस्था	४५	४४०७०५
(ख)	कार्यमूलक लेखापरीक्षण ११	-	-
(ग)	वातावरणीय लेखापरीक्षण १	-	-
(घ)	सूचना प्रविधि लेखापरीक्षण १	-	-
(ङ)	बिशेष लेखापरीक्षण २		
	जम्मा	**५७५९**	**९४६२३६**

१३.२. **सङ्घीय मन्त्रालय तथा निकाय** - यो वर्ष ३ हजार ९३ सङ्घीय मन्त्रालय तथा निकायतर्फ विनियोजन खर्च/राजस्व/धरौटी र अन्य कारोबारसमेत निम्नानुसार रू. ३१ खर्ब ६ अर्ब १६ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. करोडमा)

क्र. सं.	कारोबार शीर्षक	लेखापरीक्षण अङ्क
१	विनियोजन खर्च	११७९९२
२	राजस्व	१३८७७२
३	धरौटी	७८४७
४	अन्य कारोबार	४६००५
	जम्मा	**३१०६१६**

१३.३. **प्रदेश मन्त्रालय तथा निकाय** - यो वर्ष ७ प्रदेशअन्तर्गतका १ हजार १६५ कार्यालयको रू.३ खर्ब ८ अर्ब ५६ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। गत वर्षसम्म प्रदेश मातहतका २१ एकाइको रू.१ अर्ब १ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यी निकायले लेखापरीक्षण गराएका छैन।

१३.४. **स्थानीय तह** - यो वर्ष महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २७६ र गाउँपालिका ४६० समेत ७५३ (विगतको बक्यौता ८ समेत ७६१) स्थानीय तहको रू. ११ खर्ब १८ अर्ब ४६ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ।

१३.५. **समिति र अन्य संस्था** - यो वर्ष ६९५ समिति र अन्य संस्था (प्रदेशतर्फको १२५ समेत) को रू. ५ खर्ब २२ अर्ब १३ करोडको लेखापरीक्षण गरिएको छ।

१३.६. **सङ्गठित संस्था** - यो वर्ष ४३ सङ्गठित संस्थाको ४५ आर्थिक वर्षको रू. ४४ खर्ब ७ अर्ब ५ करोडको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त ४२ संस्थाको ४७ आर्थिक वर्षको रू. १५ खर्ब ७७ अर्ब ४९ करोडको लेखापरीक्षणका लागि परामर्श दिइएअनुसार लेखापरीक्षण सम्पन्न भएको छ।

१४. **कार्यमूलक तथा विशेष लेखापरीक्षण** - वित्तीय लेखापरीक्षणका अतिरिक्त यो वर्ष खनिज अन्वेषण उत्खनन् स्थिति, विद्युत उत्पादन, प्रशारण र उपयोग स्थिति, शीत भण्डार व्यवस्थापन कार्यक्रम, लिफ्टिङ्ग खानेपानी आयोजनाको स्थिति लगायत ११ विषयको कार्यमूलक, औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहर व्यवस्थापन विषयको वातावरणीय, वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली सम्बन्धमा सूचना प्रविधि लेखापरीक्षण, गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार र अर्थतन्त्रको अवस्था गरी २ विषयको विशेष लेखापरीक्षण गरिएको छ।

१५. लेखापरीक्षणबाट कायम बेरुजु स्थिति

१५.१. **लेखापरीक्षण अङ्क तथा बेरुजु रकम** - यो वर्ष ५ हजार ७५९ सरकारी, सङ्गठित संस्था तथा अन्य संस्थाको रु. ९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण सम्पन्न गरिएका निकाय र विषयगत अवस्था निम्नानुसार छः

(रू. करोडमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	लेखापरीक्षण अङ्क	बेरुजु रकम	बेरुजु प्रतिशत
सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता ३ समेत)	३०९३	३१०६१५	४७७४	१.५४
प्रदेश मन्त्रालय तथा निकाय	११६५	३०८५६	४२०	१.३६
स्थानीय तह (बक्यौता ८ समेत)	७६१	१११८४६	२५३२	२.२६
समिति र अन्य संस्था (प्रदेशतर्फ १२५ समेत)	६९५	५२२१३	१४३३	२.७४
सङ्गठित संस्था	४५	४४०७०५	-	-
जम्मा	**५७५९**	**९४६२३६**	**९१५९**	**१.८१**

द्रष्टव्यः सङ्गठित संस्थाको बेरुजु लगत कायम नगरिने भएकोले यस तालिकामा समावेश छैन।

१५.२. **बेरुजु वर्गीकरण** - यो वर्ष सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजु रू.९१ अर्ब ५९ करोड ७९ लाख रहेको छ। बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रू.लाखमा)

वर्गीकरण	सङ्घीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति/ अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**१८३३२४**	**७६८५**	**३५०११**	**७५२३१**	**३०१२५१**	**३२.८९**
२. नियमित गर्नुपर्ने	**२७९२८६**	**२८०५५**	**१९३९८२**	**५९९१९**	**५६१२४२**	**६१.२७**
२.१ अनियमित भएको	१९२९३	९१३८	९७१७५	२५५०६	१५१११२	१६.५०
२.२ प्रमाण कागज पेस नभएको	२५९९८६	१८९१३	९६५०४	३४०७५	४०९४७८	४४.७०
२.३ जिम्मेवारी नसारेको	०	०	०	०	०	०.००
२.४ शोधभर्ना नलिएको	७	४	३०३	३३८	६५२	०.०७

३. पेस्की	१४८२०	६२६०	२४२४९	८१५७	५३४८६	५.८४
जम्मा बेरुजु	**४७७४३०**	**४२०००**	**२५३२४२**	**१४३३०७**	**९१५९७९**	**१००**

१५.३. **अद्यावधिक बेरुजु** - सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजु देहायअनुसार रू.६ खर्ब ६९ अर्ब ८६ करोड रहेको छ। अद्यावधिक बेरुजु गत वर्ष भन्दा १४.०५ प्रतिशतले वृद्धि भएको छ।

(रू. लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
सङ्घीय सरकारी कार्यालयहरू	३४२६६९१	०	१४९३९६	३२७७२९५	४७७४३०	३७५४७२५
प्रदेश सरकारी कार्यालयहरू	२८४६८४	०	२१८६५	२६२८१९	४२०००	३०४८१९
स्थानीय तह	१९३४५८३	८२	९५०१६	१८३९६४९	२५३२४२	२०९२८९१
अन्य संस्था समिति (प्रदेश समेत)	१०५२६८१	१४९	१६६६३	१०३६१६७	१४३३०७	११७९४७४
जम्मा	**६६९८६३९**	**२३१**	**२८२९४०**	**६४१५९३०**	**९१५९७९**	**७३३१९०९**

१५.४. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फको बेरुजुका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू. ५ खर्ब ५१ अर्ब १ करोड ७८ लाख रहेको छ।

(रू. लाखमा)

क्र.स.	विवरण	गत वर्षसम्म	यस वर्ष थप/घट र समायोजन	अद्यावधिक रकम
१	लेखापरीक्षण बक्यौता (प्रदेश समेत)	९८७५५	(११६२१)	८७१३४
२	राजस्व बक्यौता	४३५४२८२	३६९२१०	४७२३४९३
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	१६०९४५	(९८४३४)	६२५११
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	५५९३४	८७३६९	१४३३०३
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	४६४१२७	२९६१०	४९३७३७
	जम्मा	**५१३४०४३**	**३७६१३४**	**५५१०१७८**

१५.५. **मन्त्रालयगत बेरुजूः** संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालय निम्नानुसार छन्:

(रू. लाखमा)

क्र.सं.	मन्त्रालयको नाम	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	अर्थ	२४६७९३०६	१२९१४४	२०७९६३	१०	३३७११७	७०.६१	१.३७
२	भौतिक पूर्वाधार तथा यातायात	११५६०१३	२३०७२	३१३११	९९८१	६४३६४	१३.४८	५.५७
३	*रक्षा*	९४३७५६	१६०४५	५३४	१३५	१६७१४	३.५०	१.७७
४	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	४०१५६२	१३९५	१३६६८	२	१५०६५	३.१६	३.७५
५	परराष्ट्र	२०४२९९	५३	१०४७६	४	१०५३३	२.२१	५.१६
६	उर्जा, जलस्रोत तथा सिँचाई	३५१०४४	२८४५	२४०७	१३२८	६५८०	१.३८	१.८७
७	शहरी विकास	३६३८४१	२४०६	३२१०	५९३	६२०९	१.३०	१.७१
८	सञ्चार तथा सूचना प्रविधि	१४४६२४	४९७७	४६	०	५०२३	१.०५	३.४७
९	उद्योग, वाणिज्य तथा आपूर्ति	६२८४३	१५५२	२२९७	०	३८४९	०.८१	६.१२
१०	स्वास्थ्य तथा जनसंख्या	१२८८८९	५०	२३१०	०	२३६०	०.४९	१.८३
११	अन्य	२६२५३९९	१७८५	५०६५	२७६६	९६१६	२.०१	०.३७
	जम्मा	**३१०६१५७६**	**१८३३२४**	**२७९२८६**	**१४८२०**	**४७७४३०**	**१००**	**१.५४**

१५.६. **तुलनात्मक बेरुजु स्थितिः** संघीय सरकारी निकायतर्फ विगत ३ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रू. करोडमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत
६० औं	२३,५६,३४	५६,३१	२.३९
६१ औं	२४,६१,११	४६,५४	१.८९
६२ औं	३१,०६,१५	४७,७४	१.५४

लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु गत वर्ष १.८९ प्रतिशत रहेकोमा यो वर्ष १.५४ प्रतिशत रहेको छ।

१६. **बेरुजु फर्स्यौट स्थिति** - यो वर्ष ५ हजार ७५९ निकायको लेखापरीक्षणबाट रू. ९९ अर्ब २३ करोड ६३ लाख बेरुजु देखिएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएकोमा ३५ दिनभित्र विभिन्न निकायबाट प्राप्त प्रतिक्रिया तथा प्रमाणको आधारमा रू. ७ अर्ब ६३ करोड ८४ लाख बेरुजु फर्स्यौट भई देहायबमोजिम रू. ९१ अर्ब ५९ करोड ७९ लाख फर्स्यौट हुन बाँकी रहेको छः

(रू. लाखमा)

विवरण/इकाइ	प्रारम्भिक प्रतिवेदन		प्रतिक्रियाबाट फर्स्यौट		यस वर्षको फर्स्यौट हुन बाँकी	
	दफा	रकम	दफा	रकम	दफा	रकम
सङ्घीय सरकारी कार्यालयहरू	४०४८१	५११००६	२५४१	३३५७६	३७९४०	४७७४३०
प्रदेश सरकारी कार्यालयहरू	१९७९८	४५३०६	१०८३	३३०५	१८७१५	४२०००
स्थानीय तह	१२५८२९	२८३४२६	१२९२८	३०१८४	११२९०१	२५३२४२
अन्य संस्था समिति (प्रदेश समेत)	२३६५७	१५२६२५	१०८८	९३१९	२२५६९	१४३३०७
जम्मा	**२०९७६५**	**९९२३६३**	**१७६४०**	**७६३८४**	**१९२१२५**	**९१५९७९**

१६.१. **गत विगतको बेरुजु फर्स्यौट तथा सम्परीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा लेखापरीक्षणबाट औंल्याइएका बेरुजु प्रमाण पेस गरी, नियमित गरी वा असुलउपर गरी बेरुजु फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजु फर्स्यौट भएपछि महालेखापरीक्षकको कार्यालयबाट

सम्परीक्षण गराउनुपर्ने व्यवस्थाअनुसार आर्थिक वर्ष २०६०।६१ देखिको बेरुजु फर्स्यौंट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

(रू.लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप/घट	फर्स्यौंट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
सङ्घीय सरकारी कार्यालयहरू	३४२६६९१	०	१४९३९६	३२७७२९५	४७७४३०	३७५४७२५
प्रदेश सरकारी कार्यालयहरू	२८४६८४	०	२१८६५	२६२८१९	४२०००	३०४८१९
स्थानीय तह	१९३४५८३	८२	९५०१६	१८३९६४९	२५३२४२	२०९२८९१
अन्य संस्था समिति (प्रदेश समेत)	१०५२६८ १	१४९	१६६६३	१०३६१६७	१४३३०७	११७९४७ ४
जम्मा	**६६९८६३९**	**२३१**	**२८२९४०**	**६४१५९३०**	**९१४९७९**	**७३३१९०९**

- महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदन, २०८१ सम्म बाँकी रहेको कुल बेरुजु रू. ६ खर्ब ६९ अर्ब ८६ करोड ३९ लाखमध्ये यो वर्ष समायोजन रू. २ करोड ३१ लाख तथा फर्स्यौंट तथा सम्परीक्षण रू. २८ अर्ब २९ करोड ४० लाख (४.२२ प्रतिशत) भएकोमा यो वर्ष रू. ९१ अर्ब ५९ करोड ७९ लाख थप भई रू. ७ खर्ब ३३ अर्ब १९ करोड ९ लाख अद्यावधिक बेरुजु रहेको छ।
- नेपाल सरकारको २०६९।६।११ को निर्णयानुसार कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा आर्थिक वर्ष २०५९।६० सम्मको हस्तान्तरित बेरुजु रू. ५ अर्ब २४ करोड ७२ लाख २४ हजारमध्ये सरकारी कार्यालयतर्फ नियमित, असुल तथा मिनाहा गरी रू. १ अर्ब ८७ करोड ५८ लाख ७९ हजार फर्स्यौंट भई लगत कट्टा भएको देखिन्छ।
- प्रतिनिधि सभा सार्वजनिक लेखा समितिको २०७९।३।१७ को पत्रानुसार सङ्घीय कार्यालयको सम्परीक्षण स्थगित भएकोमा २०८१।१२।१८ मा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएको संशोधनपश्चात् निकाय तथा कार्यालयबाट बेरूजु फर्स्यौंट भई आएकोले सम्परीक्षणको कार्यलाई निरन्तरता दिइएको छ। उक्त ऐनको संशोधनपश्चात् रु. १६ अर्ब ३८ करोड ३९ लाखको सम्परीक्षण गरिएको छ। सोमध्ये रु. १० अर्ब ९९ करोड ९० लाख असुल भएको छ।

१७. **लेखापरीक्षणको प्रभाव तथा सञ्चितकोषमा योगदान -** यो वर्षको लेखापरीक्षणको क्रममा रू. १ अर्ब ३ करोड ७२ लाख, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू. १ अर्ब ३ करोड ५४ लाख तथा विगतको बेरुजु फर्स्यौंट गर्दा रु. १२ अर्ब ११ करोड ४४ लाखसमेत जम्मा रू. १४ अर्ब ४८ करोड ४१ लाख असुल भएको छ। सो बाहेक विभिन्न भन्सार तथा कर सम्बन्धमा दिइएको सुझावहरू कार्यान्वयन भएका कारण सङ्घीय सञ्चित कोषमा राजस्व प्राप्त भएको छ। यसै गरी विभिन्न विषयमा नीतिगत तथा कानुनी सुधारका लागि दिइएका सुझावहरू कार्यान्वयनको चरणमा रहेका छन्।

१८. सुधारका क्षेत्रहरू

सार्वजनिक निकाय र पदाधिकारीमा उत्तरदायित्व, पारदर्शिता र निष्ठा प्रर्वधन गर्नु सार्वजनिक क्षेत्रको लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। सोका लागि सार्वजनिक स्रोत साधनको प्राप्ति, उपयोग, परिचालन तथा उपलब्धिको विभिन्न आयामबाट परीक्षण एवं विश्लेषण गरिन्छ। यस वर्षको लेखापरीक्षणबाट देखिएका बेहोराको आधारमा सार्वजनिक सेवा प्रवाह तथा विकासका क्रियाकलाप जनअपेक्षाअनुरूप सञ्चालन गर्न देहायका विषयहरूमा सुधार हुनुपर्ने देखिएको छः-

लेखापरीक्षणको दृष्टिमा सार्वजनिक उत्तरदायित्व

शासकीय प्रबन्ध

- सरकारको कार्यक्षेत्र एवं खर्चमा स्पष्टता ल्याउन कानुन निर्माण/संशोधन हुनुपर्ने,
- अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयनको लागि जिम्मेवारी सहितको खाका तयार गर्नुपर्ने,
- सार्वजनिक सङ्गठित संस्थाका कार्यकारीको सेवा सुविधा कानुनमा नै स्पष्ट गर्नुपर्ने,
- तीनै तहले आफ्नो कार्यक्षेत्रको राजस्व परिचालन गर्न क्षेत्र र दायरा सुनिश्चित गर्नुपर्ने,
- स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनको बेरुजु फर्स्यौटको संयन्त्र तय गर्नुपर्ने,
- तीन वटै तहको बजेट घाटा व्यवस्थापन र वित्तीय अनुशासनसम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनुपर्ने ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

- खरिद गुरुयोजना अनुसार प्रतिस्पर्धी, मितव्ययी, गुणस्तरीय हुनेगरी सम्पत्ति खरिद गर्नुपर्ने,
- सम्पन्न भएका आयोजनाका यन्त्र, उपकरण एवं सम्पत्तिको उपयोग हुनेगरी हस्तान्तरण गर्नुपर्ने,
- छोटो समयमा प्रयोगकर्ता परिवर्तन हुँदा नयाँ खरिद नगरी मौजुदा सम्पत्ति उपयोग गर्नुपर्ने,
- कार्य सञ्चालनका लागि सामान्य खरिदमा विद्युतीय माध्यमबाट भुक्तानी गर्ने व्यवस्था गर्नुपर्ने,
- सबै प्रकारका सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा पाम्समा राख्नुपर्ने,
- मुआब्जा प्रदान गरेका जग्गा सरकारी स्वामित्वमा ल्याई अभिलेख, संरक्षण र उपयोग गर्नुपर्ने,
- जफत भएका तथा प्रयोगविहीन रहेका सवारीसाधनको उपयोग वा लिलाम बिक्री गर्नुपर्ने ।

अर्थतन्त्र

- राज्यलाई तिर्नु बुझाउनुपर्ने रकम पूर्वानुमानयोग्य र बहनयोग्य बनाउनुपर्ने,
- डिजिटल/विद्युतीय भुक्तानीलाई प्रश्रय दिई अनौपचारिक आर्थिक क्रियाकलापलाई निरुत्साहित गर्नुपर्ने,
- उद्योग र व्यापार व्यवस्थित गर्न सार्वजनिक सेवामा लाग्ने समय र शुल्क निश्चित गर्नुपर्ने,
- लगानी वातावरण सहजताकालागि सम्बद्ध क्षेत्रका नीति एवं कानुनबिच तादात्म्यता कायम गर्नुपर्ने,
- विशेष आर्थिक क्षेत्रमा उत्पादन उन्मुख वातावरण तयार गरी निकासी प्रवर्धन गर्नुपर्ने,
- कर्जा र निक्षेप अनुपात विश्लेषणबाट ब्याज तथा अतिरिक्त प्रिमियमको प्रभाव मूल्याङ्कन गर्नुपर्ने,
- सङ्गठित संस्थाले सहायक कम्पनीमा सञ्चालक नियुक्ति गर्दा नेपाल सरकारको स्वीकृति लिने व्यवस्था हुनुपर्ने,
- सङ्गठित संस्थाले दीर्घकालीन आर्थिक दायित्वका विषयमा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने,
- सङ्गठित संस्थाहरूमा कोष बेगरका दायित्व सिर्जना गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्ने ।

सार्वजनिक वित्त व्यवस्थापन

- राष्ट्रिय बजेट प्रणाली बाहिरका कोष खडा गरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्ने,
- प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गरिने सबै कार्यक्रम/योजना बजेटमा समावेश हुनुपर्ने,
- विद्युतीय वित्तीय कारोबारलाई करको दायरामा ल्याउनुपर्ने,
- राजस्व छुटबाट परेको असर/प्रभाव मूल्याङ्कन गरी सोमा पुनरावलोकन गर्नुपर्ने,
- समयमै राजस्व नतिर्ने करदातालाई पछिल्ला वर्षमा दिइने छुट सुविधाबारे पुनरावलोकन हुनुपर्ने,
- राय/परामर्श दिने निकायले विषय, कानुनी प्रावधान र प्रयोजन समेत खुलाई राय दिनुपर्ने,
- जटिल प्रकृतिका कार्य र प्रविधि हस्तान्तरणको लागि मात्र वैदेशिक परामर्श सेवा लिनुपर्ने,
- लागत, उपलब्धि, जोखिम र फिर्ता गर्ने क्षमता विश्लेषण गरी वैदेशिक सहायता लिनुपर्ने,
- विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अनुदान प्रदान गर्नुपर्ने,
- तीनै तहका गैरबजेटरी निकायको कारोबारलाई एकीकृत वित्तीय विवरणमा समावेश गर्नुपर्ने,
- सेवा प्रवाह मितव्ययी, पारदर्शी र व्यवस्थित गर्न आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नुपर्ने ।

सार्वजनिक प्रशासन

- क्षमता विकासका लागि राष्ट्रसेवकलाई वार्षिकरूपमा न्यूनतम समयावधिको तालिम प्रदान गर्नुपर्ने,
- सार्वजनिक संस्थामा छरितो र प्रविधियुक्त संरचनाका आधारमा दरबन्दी निर्धारण गर्नुपर्ने,
- न्यूनतम सेवा अवधि नपुगी सरुवा गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्ने,
- गुणस्तर, समयसीमा, शुल्क र प्रक्रिया व्यवस्थित बनाई अनुमानयोग्य सेवा प्रवाह हुनुपर्ने,
- लक्षितवर्गलाई सेवामा पहुँच सुनिश्चित गर्न सेवा प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्ने,
- फेसलेस ब्युरोक्रेसी, विद्युतीय शासन, एकल सेवा केन्द्र जस्ता नवीन अवधारणा कार्यान्वयन गर्नुपर्ने,
- विशिष्ट ज्ञान उपयोग गर्न समय लचकता तथा बहुकार्यालय जिम्मेवारी हुने व्यवस्था गर्नुपर्ने,
- नागरिक सचेतना वृद्धि तथा पृष्ठपोषण मार्फत सेवा प्रवाह प्रभावकारी बनाउनुपर्ने,
- समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य समेतको आधारमा सेवा प्रवाह तय गर्नुपर्ने ।

विकास व्यवस्थापन

- दिगो विकास लक्ष्य हासिल गर्न सरकार र अन्यक्षेत्रबिच समन्वय एवं सहकार्य गर्नुपर्ने,
- विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्ने,
- पूर्व तयारी बेगर खरिद गर्दा प्रतिफल प्राप्तिमा ढिलाइ भएकोले सोमा सुधार हुनुपर्ने,
- नवप्रवर्तन र प्रविधि अनुरूप सार्वजनिक निर्माण लागत घटाउन विद्यमान नर्म्स अद्यावधिक गर्नुपर्ने,
- अधुरा आयोजनालाई प्राथमिकता दिई बजेट विनियोजन गर्नुपर्ने,
- खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्ने,
- जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउने प्रवृत्ति नियन्त्रण हुनुपर्ने,
- खरिदका क्रममा राजस्व छुट दिने, नदिने विषय बोलपत्रसम्बन्धी कागजातमा उल्लेख हुनुपर्ने ।

सूचना प्रविधि

- सूचना प्रविधिका नवीनतम् क्षेत्र समेटन आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने,
- सूचना प्रविधि खरिदसम्बन्धी नर्म्स तयार गरी लागत अनुमान यथार्थपरक बनाउनुपर्ने,
- पर्याप्त अध्ययन र लाभ लागत विश्लेषण गरी सूचना प्रविधि प्रणाली विकास गर्नुपर्ने,
- एकीकृत डाटा सेन्टरमार्फत सबै सार्वजनिक निकायले सेवा लिने व्यवस्था गर्नुपर्ने,
- सूचना प्रविधिको नियन्त्रण र सुरक्षामा एकद्वार प्रणालीका लागि छुट्टै नलेज सेन्टर हुनुपर्ने,
- भीएपीटी परीक्षण लगायतका मापदण्ड पुरा भएपश्चात् सूचना प्रणाली प्रयोगमा ल्याउनुपर्ने,
- एकै प्रकारका कामको लागि सबै निकायले एउटै सूचना प्रविधि प्रणाली खरिद गर्नुपर्ने,
- सार्वजनिक निकायका वेबसाइट र मोबाइल एप्लिकेशनमा एकरुपता कायम गर्नुपर्ने ।

सुशासन

- विद्युतीय माध्यमको प्रयोग गरी छिटो, छरितो र अनुमानयोग्य सेवा उपलब्ध गराउनुपर्ने,
- सार्वजनिक सेवा प्रवाहमा नागरिकको निगरानीलाई मजबुत बनाउनुपर्ने,
- निष्ठा प्रवर्धनका लागि पदीय आचरण पालना गर्ने संस्कृतिको विकास गर्नुपर्ने,
- वैदेशिक/आन्तरिक भ्रमण स्वीकृत गर्दा औचित्य पुष्टि गर्ने र सोको निर्णय समयमै गर्नुपर्ने,
- स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा उच्च प्रतिफल र गुणस्तर कायम हुनुपर्ने,
- कर भन्सार महशुलसँग सम्बन्धित विवादको निरूपण कानुनद्वारा तोकिएको अवधिमै गर्नुपर्ने,
- सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीको सेवा सुविधालाई पारदर्शी गर्नुपर्ने ।

उपसंहार

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०८१।८२ मा सम्पादन गरेका कामको स्थिति तथा प्रगतिसमेत समावेश गरी यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ। संवैधानिक अधिकार र लेखापरीक्षण ऐन, २०७५ ले गरेको कानुनी व्यवस्थाबमोजिम यो वर्ष लेखापरीक्षण सम्पन्न गरिएका ५ हजार ७५९ निकायको लेखापरीक्षण नतिजा, वित्तीय, कार्यमूलक तथा विशेष लेखापरीक्षणको विवरण, कार्यालयको आन्तरिक व्यवस्थापन, आय-व्ययको स्थिति, अन्तराष्ट्रिय सम्बन्ध तथा सहयोग, राष्ट्रियस्तरका तालिम, सेमिनार तथा गोष्ठीमा सहभागिता, सरोकारवालासँगको सम्बन्ध र सार्वजनिक निकायहरूले आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्र समावेश गरी यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएकोले कार्यालयबाट सम्पादित कामको पारदर्शिता एवं प्रभावकारितामा अभिवृद्धि हुने विश्वास गरिएको छ।

अनुसूची - १

(दफा ४.१ सँग सम्बन्धित)

दरबन्दी तथा पदपूर्ति स्थिति

२०८१।२०८२ (२०८२ आषाढ मसान्तको)

सि.नं.	पद	दरबन्दी संख्या	पदपूर्ति संख्या	रिक्त संख्या	पदपूर्ति मध्ये	
					महिला	पुरुष
१	राजपत्रांकित विशिष्ट श्रेणी, उप-महालेखापरीक्षक	४	४	०	१	३
२	राजपत्रांकित प्रथम श्रेणी, नायब महालेखापरीक्षक	१८	१८	०	०	१८
३	राजपत्रांकित द्वितीय श्रेणी, निर्देशक	११०	१०८	२	१०	९८
४	राजपत्रांकित द्वितीय श्रेणी, विशेषज्ञ निर्देशक	१	०	१	०	०
५	राजपत्रांकित द्वितीय श्रेणी, निर्देशक (कानून)	१	१	०	०	१
६	राजपत्रांकित द्वितीय श्रेणी, निर्देशक (सूचना प्रविधि)	१	१	०	०	१
७	राजपत्रांकित तृतीय श्रेणी, लेखापरीक्षण अधिकारी	२५५	२४०	१५	५४	१८६
८	राजपत्रांकित तृतीय श्रेणी, सूचना प्रविधि अधिकृत	२	१	१	०	१
९	राजपत्रांकित तृतीय श्रेणी, कानून अधिकृत	२	१	१	१	०
१०	राजपत्रांकित तृतीय श्रेणी, टेक्निसियन अधिकृत	१	०	१	०	०
११	रा.प.अनं. प्रथम, लेखापरीक्षण अधीक्षक	१३०	१०८	२२	२५	८३
१२	रा.प.अनं. प्रथम, (टेलिफोन अपरेटर)	१	१	०	१	०
१३	रा.प.अनं. प्रथम, (कम्प्युटर अपरेटर)	१४	१४	०	१	१३
१४	रा.प.अनं. प्रथम, (टाइपिष्ट प्रथम)	२	१	१	०	१
१५	रा.प.अनं.द्वितीय, लेखापरीक्षण निरीक्षक	१६	१६	०	२	१४
१८	रा.प.अनं.द्वितीय, (सहायक कम्प्युटर अपरेटर)	२०	९	११	४	५
१९	रा.प.अनं.द्वितीय (काउन्टर सहायक)	१	०	१	०	०
२०	रा.प.अनं.द्वितीय (जुनियर मेकानिक्स)	१	१	०	०	१
२१	रा.प.अनं.द्वितीय (जुनियर इलेक्ट्रिसियन)	१	१	०	०	१
२२	सवारी चालक, श्रेणी विहिन	३०	३०	०	०	३०*
२३	हेभी सवारी चालक	२	१	१	०	१
२४	कार्यालय सहयोगी, श्रेणी विहिन	३०	३०	०	१८	१२
	जम्मा	**६४३**	**५८६**	**५७**	**११७ (२०%)**	**४६९ (८०%)**

* उप-महालेखापरीक्षक तथा नायब महालेखापरीक्षकहरू (१२) ले लिनुभएको सवारी चालक सुविधासहितको संख्या।